गुरुकुल शिक्षाको पाठ्यक्रम

प्राथमिक तह
कक्षा १–५

२०६५

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरुकुल शिक्षाको पाठ्यक्रम

२०६५

प्राथमिक तह (कक्षा १-५)

(परीक्षण)

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

प्रकाशन : वि.सं. २०६६

मुद्रण प्रति : १०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रो भनाइ

नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक देश भएकाले यहाँ हिन्दु, बुद्ध, किरात, इस्लाम, क्रिस्चियन, जैन लगायतका विभिन्न धर्मावलम्वीहरू रहेका छन् । यस्ता धार्मिक मूल्य मान्यताका साथै सम्बन्धित समाजको आफ्नो मौलिक सामाजिक, सांस्कृतिक पक्षबाट प्रभावित भई परम्परागत रूपमा चलिआएका शैक्षिक प्रणालीमध्ये नेपालमा गुम्बा, गुरुकुल, मदरसा मुख्य रूपमा रहेका छन् । गुम्बा, गुरुकुल र मदरसा जस्ता शिक्षा प्रणाली मूलत: सम्बन्धित शिक्षा प्रणालीकै आफ्नो निजी प्रयासमा व्यवस्थापन हुँदै आफ्नै साधन, स्रोत एवम् आफ्नै विशिष्ट शैक्षिक प्रक्रियाका आधारमा सञ्चालन भइरहेका छन् । यी शिक्षा प्रणालीमध्ये गुरुकुल शिक्षा पनि एक महत्त्वपूर्ण प्रणाली हो ।

विश्व शिक्षा सम्मेलनले सन् २०१५ सम्म सबैका लागि शिक्षा प्रदान गर्ने उद्घोष गरेअनुसार नेपालले पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा प्रदान गर्ने विश्व सम्मेलनबाट तयार भएको लक्ष्यसहितका घोषणापत्रमा हस्ताक्षर गर्दै राष्ट्रिय कार्ययोजना तयार गरी प्रतिवद्धता व्यक्त गरेको परिप्रेक्ष्यमा देशका सबै जात, जाति, लिङ्ग वर्ण, वर्ग र क्षेत्रका जनसमुदायलाई शिक्षा प्रदान गर्नका लागि औपचारिक शिक्षाका घेरा बाहिर रहेका सबैलाई शिक्षाको मूल धारमा समाहित गर्न आवश्यक भएकाले औपचारिक शिक्षा प्रणाली बाहिर रहेका तर आफ्नै स्रोत साधन र शिक्षण प्रक्रियाका माध्यमबाट शिक्षा प्रदान गरिरहेको गुम्बा, गुरुकुल र मद्रसा शिक्षा प्रणालीलाई राष्ट्रिय शिक्षा प्रणालीमा समाहीकरण गर्नु एउटा त राज्यको दायित्व र कर्तव्य हो भने अर्कोतर्फ सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्न त्यस्ता सम्प्रदायलाई माध्यम बनाउनु पनि उत्तिकै जरुरी हुन गएको छ । यसै कुरालाई दृष्टिगत गरी शिक्षा मन्त्रालयले गुम्बा, गुरुकुल र मद्रसा शिक्षा प्रणालीलाई शिक्षाको मूल धारमा समाहीकरण गर्ने कार्यक्रम अगाडि सारेको छ ।

शिक्षाको मूल आधार पाठ्यक्रम हो । पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्रीहरू विकास हुने र शिक्षण प्रक्रिया पनि पाठ्यक्रममा आधारित हुने भएकाले गुरुकुल शिक्षालाई व्यवस्थित गर्ने उद्देश्य परिपूर्ति गर्ने हेतुले यो पाठ्यक्रम विकास गरिएको हो । यो पाठ्यक्रम तयार गर्ने क्रममा धेरै सङ्घ संस्था एवम् महानुभावहरूको ठूलो योगदान रहेको छ । त्यसैले यसको विकासमा संलग्नसबै संस्था एवम् व्यक्तिहरूलाई यो केन्द्र हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

पाठ्यक्रम विकास हुनुमात्र महत्त्वपूर्ण कुरा होइन । यसको सही कार्यान्वयन भएमात्र पाठ्यक्रम विकासको औचित्य सावित हुने गर्दछ । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरूको सक्रिय सहयोगको अपेक्षा गरिएको छ । अन्तमा यस पाठ्यक्रमलाई अझ व्यावहारिक, प्रभावकारी र जीवनोपयोगी बनाउन सम्बद्ध सबैबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

वि.सं. २०६५

नेपाल सरकार
शिक्षा मन्त्रालय
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
पाठ्यक्रम विकास केन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

	शीर्षक	पृष्ठ
१.	गुरुकुल शिक्षाको पाठ्यक्रम	१
२.	संस्कृत रचना	६
३	सिर्जनात्मक कला	३१
४.	संस्कृत व्याकरण	३९
५.	वेद	४४
६.	सदाचार शिक्षा (नित्यकर्म)	५१
७.	नीतिशास्त्र	५७
८.	अनुसूचीहरू	६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरुकुल शिक्षाको पाठ्यक्रम

प्राथमिक तह (कक्षा १-५)

१. पृष्ठभूमि

हाम्रो राष्ट्र प्राचीन सभ्यता, धार्मिक एवम् सांस्कृतिक परम्पराहरूको उर्वरभूमिका रूपमा परिचित रहिआएको छ । यी परम्परागत संस्कृति र मान्यताहरूको सम्बन्ध प्राचीनतम सनातनी संस्कृतिसँग पनि जोडिएर आउँछ । यही संस्कृतिको परिवेशमा विभिन्न कालखण्डदेखि सुरु भई हालसम्म पनि शैक्षिक गतिविधि सञ्चालन गरिरहेका आश्रम, मठमन्दिर अनवरत रूपमा चलिआएका छन् । त्यस्तै गुम्बा तथा मदरसाहरूले पनि सङ्गठित रूपमा आ-आफ्नो मूल्यमान्यताअनुसारको छुट्टै शिक्षा नीतिलाई अनौपचारिक ढङ्गले अघि बढाइरहेका छन् । यसर्थ ती सबै किसिमका शिक्षालाई राष्ट्रिय शिक्षाको मूलधारमा समाहित गर्नुपर्ने भएकाले हिजोसम्म हाम्रो राष्ट्रभित्र सञ्चालन भएका तर विद्यालयको संरचनाबाहिर सङ्गठित रूपमा सञ्चालित शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि) पनि क्रमशः राष्ट्रिय शिक्षाको मूल प्रवाहमा प्रवाहीकरण गर्न लागिएको छ । यही परिवर्तित सन्दर्भलाई कार्यान्वयन गर्नका लागि पाठ्यक्रमको संरचनागत विषयक्षेत्रको स्वरूपसहित गुरुकुल शिक्षाको पाठ्यक्रम संरचना विकास गरिएको छ । सो प्रयोजनका लागि गुरुकुलमा अध्ययन गर्ने बालबालिकाले आधुनिक युगमा सामञ्जस्यपूर्ण जीवनयापन गर्न सक्ने लक्ष्यका साथ गुरुकुल शिक्षाको पाठ्यक्रम निर्माण हुन उपयुक्त हुन्छ । यस पाठ्यक्रममा आफ्नो धर्म, भाषा, संस्कार, संस्कृति र परम्पराअनुसारका विषयहरूलाई यथोचित स्थान दिँदै आधुनिक धारमा सञ्चालित अन्य विद्यालयहरूमा पठनपाठन गराइने विषयहरू पनि समावेश गर्नुपर्ने हुन्छ । अतः यो संरचना तयार गर्दा पाठ्यक्रम निर्माणसम्बन्धी सैद्धान्तिक आधारहरूलाई विशेष जोड दिइएको छ भने पाठ्यक्रमसम्बद्ध समसामयिक महत्त्वपूर्ण पक्षहरूलाई ध्यानमा राखी विद्यालय शिक्षाको राष्ट्रिय प्रारूपमा निर्दिष्ट स्वरूपमा गुरुकुल शिक्षालाई ढालिएको छ । साथै हाल संस्कृत शिक्षामा यो छुट्टै नयाँ धारका रूपमा नभई मिल्दोजुल्दो पाठ्यक्रमसँग गुरुकुल शिक्षाको पाठ्यक्रम मिलान गर्दै यसलाई विकास गरिनेछ । सम्बद्ध कार्यक्षेत्रका प्रमुख विद्वान् तथा सरोकारवालाहरूको संलग्नतामा भएको व्यापक छलफलपछि गुरुकुलहरूको प्रत्यक्ष अवलोकन गरी सनातन धर्मअन्तर्गतका विभिन्न सम्प्रदायका शिक्षासेवीहरूको सल्लाहमा हाल गुरुकुल शिक्षाको कक्षा १ - ५ को पाठ्यक्रम विकास गरिएको छ ।

२. गुरुकुल शिक्षा पाठ्यक्रमको परिचय

संस्कृत भाषा विश्वकै अति प्राचीन भाषा हो । यही भाषामा वेद, पुराण, धर्मशास्त्र, दर्शन, साहित्य, कर्मकाण्ड आदि प्राच्य ज्ञानविज्ञानका समस्त विषयहरू समाहित छन् । कालक्रमले गर्दा वर्तमान समयमा यस भाषाले कथ्य रूपमाभन्दा लेख्य रूपमा आफ्नो वर्चस्व बढी स्थापित गरेको छ । यसको व्याकरण र शब्दभण्डार अत्यन्त परिष्कृत र वैज्ञानिक मानिन्छ । यसर्थ यस भाषाको व्याकरणगत नियमको पालना तथा शब्दार्थ बोधका लागि सानै कक्षादेखि क्रमबद्ध रूपमा संस्कृतको अध्ययन नगराए पछि गएर जुनसुकै शास्त्रीय विषयको अध्ययन गर्न कठिनाइ पर्दछ । अतः शास्त्रीय अध्ययनको मूलधार बनाउन गुरुकुल शिक्षाका लागि विद्यार्थीहरूलाई प्राथमिक तहदेखि नै संस्कृत भाषामा प्रवेश गराउनु नितान्त आवश्यक देखिन्छ । यही आवश्यकतालाई हृदयङ्गम गरी प्राथमिक तह (कक्षा १-५) का लागि गुरुकुल शिक्षाको पाठ्यक्रम विकास गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा औपचारिक शिक्षा सुरु हुनुभन्दा पनि अघिदेखि नै अविच्छिन्न रूपमा चल्दै आएका गुरुकुल, गोन्पा (गुम्बा) र मदरसाजस्ता शिक्षा प्रणाली मूलतः निजी क्षेत्रका सतत् प्रयासमा सञ्चालन हुँदै आएका छन् । नेपालको शैक्षिक इतिहासमा गुरुकुल शिक्षा प्रणालीले विशिष्ट पहिचान बनाइसकेको छ । यो शिक्षा आफ्नै साधन, स्रोत एवम् विशिष्ट शैक्षिक प्रक्रियाका आधारमा सञ्चालन हुँदै आएको छ । यसर्थ देश एवम् कालको परिस्थितिलाई दृष्टिगत गरी औपचारिक रूपमा सरकारी स्वीकृति, सम्वन्धन तथा सरकारी साधन स्रोत प्रयोग गरी यसप्रकारको शिक्षालाई संवर्धन र प्रवर्धन गर्ने प्रयास स्वरूप हालैका वर्षहरूमा केही कार्यहरू हुन थालेका छन् ।

सन् २००० मा भएको डकार सम्मेलनले 'सबैका लागि शिक्षा' भन्ने मूल लक्ष्यका साथ सन् २०१५ सम्म विश्वव्यापी रूपमा सबैका लागि शिक्षा प्रदान गर्ने अन्तरराष्ट्रिय प्रतिबद्धता जाहेर गरेको र नेपालले पनि उक्त प्रतिबद्धतालाई अनुमोदन गर्दै राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वनय गरिरहेको परिप्रेक्ष्यमा परिवर्तित परिवेशसँगसँगै गुरुकुल शिक्षाको विकास, संवर्धन र प्रवर्धन गर्नु अझ सान्दर्भिक एवम् महत्त्वपूर्ण हुन गएको छ । आफ्नै मौलिक विशिष्ट पहिचानका साथ सञ्चालन हुँदै आएको गुरुकुल शिक्षालाई औपचारिक शिक्षाका रूपमा आवश्यक मान्यता प्रदान गर्दै यसको विकासमा सहयोग पुऱ्याउनका लागि यसलाई शिक्षाको मूल धारका रूपमा ल्याउन आवश्यक हुन्छ । अतः गुरुकुल शिक्षालाई राज्यले शिक्षा प्रणालीको मूल धारमा ल्याई अन्तरराष्ट्रियस्तरमा राज्यको मान्यतालाई प्रस्तुत गर्न गुरुकुल शिक्षाको पाठ्यक्रम ढाँचा प्रस्तावित गरिएको हो ।

३. गुरुकुल शिक्षाको प्राथमिक तहको तहगत उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराउने,

२. गुरुकुल शिक्षाका माध्यमबाट सदाचार, अनुशासन, स्वावलम्बन एवम् सच्चरित्रको अनुसरण गर्ने प्रवृत्तिको विकास गराउने,

३. हिन्दु धर्म संस्कृतिप्रति आस्थावान् भई हिन्दु धर्म संस्कृति तथा पूर्वीय दर्शनअनुसारका आधारभूत अनुष्ठान गर्ने ज्ञान, सीपको विकास गराउने,

४. संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका भाषिक सीपका साथै आधारभूत गणितीय सीपको विकास गर्ने,

५. विज्ञान, सूचना प्रविधि, वातावरण, प्राकृतिक चिकित्सा, योग र आयुर्वेदसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने,

६. पौरस्त्य (पूर्वीय) कला संस्कृतिप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने,

७. हिन्दु धर्म संस्कृतिलगायत विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,

८. मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई आध्यात्मिक आचरणको विकास गर्ने,

९. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. प्राथमिक शिक्षाको ढाँचा

(क) पूर्वप्राथमिक शिक्षाको ढाँचा

१. चार वर्ष उमेर नभएका बालबालिकालाई शिशु विकास केन्द्र वा गुरुकुलबाट धार्मिक, संवेगात्मक, सामाजिक, शारीरिक वा बौद्धिक प्रकारको सरल शिक्षा दिन सकिने छ ।

२. चार वर्षको उमेर पूरा भइसकेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा पनि दिन सकिने छ ।

यस शिक्षाका लागि गुरुकुल स्वयम्ले आवश्यकताअनुसारको पाठ्यक्रम र पाठ्यसामग्री तयार गरी प्रयोग गर्न सक्ने छ ।

(ख) प्राथमिक शिक्षा : प्राथमिक शिक्षाको अवधि पाँच शैक्षिक वर्षको हुने छ । प्राथमिक शिक्षाअन्तर्गत कक्षा १-३ र कक्षा ४-५ मा निम्नानुसारको पाठ्यक्रम ढाँचा लागू हुने छ :

(अ) पाठ्यक्रम ढाँचा (कक्षा १-३)

क्र.सं.	विषय	कक्षा १-३	
		पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००
२.	अङ्ग्रेजी	५	१००
३.	गणित	६	१००
४.	सामाजिक अध्ययन तथा सिर्जनात्मक कला	६	१००
५.	विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा	५	१००
६.	संस्कृत रचना	६	१००
	जम्मा	३४	६००

(आ) पाठ्यक्रम ढाँचा (कक्षा ४-५)

क्र.सं.	विषय	कक्षा ४-५	
		पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००
२.	अङ्ग्रेजी/संस्कृत रचना	५	१००
३.	गणित	६	१००
४.	सामाजिक अध्ययन	५	७५
५.	सिर्जनात्मक कला	३	२५
६.	संस्कृत व्याकरण	४	५०
७.	सदाचार शिक्षा (नित्यकर्म)	४	५०
८.	वेद/नीतिशास्त्र (स्थानीय विषय)	६	१००
	जम्मा	३९	६००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. पाठ्यक्रमको प्रयोग र पाठ्यपुस्तकको अनुकूलन

१. माथिको पाठ्यक्रम ढाँचामा व्यवस्था भएका विषयमध्ये सिर्जनात्मक कला ४ र ५ को छुट्टै पाठ्यक्रम तथा संस्कृत भाषामा पाठ्यपुस्तक विकास गरी शिक्षण गर्न सकिने छ ।

२. यस पाठ्यक्रममा समावेश नभएका नेपाली, गणित, अङ्ग्रेजी तथा सामाजिक अध्ययन विषयका पाठ्यक्रम साधारणतर्फका प्राथमिक शिक्षाकै पाठ्यक्रम प्रयोग हुने छन् तर पाठ्यपुस्तक तयार गर्दा पूर्वीय दर्शन, हिन्दु धर्म, संस्कृतिअनुसार विषयवस्तु थप गरी अनुकूलन (Adaptation) गर्न सकिने छ ।

६. पठनपाठनको माध्यम

गुरुकुल शिक्षाअन्तर्गत दिइने प्राथमिक शिक्षामा मूलतः संस्कृत भाषालाई मातृभाषाका रूपमा शिक्षाको माध्यम बनाइने छ र अरू भाषा विषय तथा अन्य विषयको विषयवस्तुलाई दृष्टिगत गरी नेपाली, अङ्ग्रेजी तथा संस्कृत भाषा गरी भाषिक माध्यमका रूपमा त्रयभाषिक वा आवश्यकतानुसार बहुभाषिक नीति अवलम्बन गरिने छ ।

७. स्थानीय विषय

साधारण विद्यालयतर्फको प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएबमोजिम यस गुरुकुल शिक्षातर्फ प्राथमिक तहमा पनि सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम तथा पाठ्यसामग्री गुरुकुल आफैँले निर्माण गर्न सक्ने छ । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि वार्षिक ३२ घन्टी तथा सिर्जनात्मक कलाका लागि १९ घन्टी निर्धारण गरिएको छ ।

८. शिक्षण प्रक्रिया र समयावधि

१. प्राथमिक तहमा पढ्ने बालबालिकाको शारीरिक मानसिक अवस्थालाई दृष्टिगत गरी यस तहमा अध्ययन अध्यापन गराउँदा विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा जोड दिइने छ ।

२. गुरुकुल शिक्षा परम्पराको आफ्नै विशिष्ट र मौलिक शिक्षापद्धति भएकाले औपचारिक शिक्षामा पनि वैदिक वा पौरस्त्य शिक्षा परम्परालाई अनुशरण गर्दै शिक्षकहरूले सहजकर्ता (Facilitator) को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक तथा हिन्दु धर्म दर्शनअनुसार जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । औपचारिक रूपमा गरिने अति आवश्यक पूजा विधिबाहेक अन्य विषयवस्तुहरू विद्यार्थीले बुझ्ने गरी सरल तरिकाले शिक्षण गर्नुपर्ने छ ।

३. सबैप्रकारका आवश्यकता भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ ।

४. परम्परागत गुरुकुल शिक्षामा आफ्नै मौलिक प्रकारको शिक्षणपद्धति रहेको परिवेशलाई दृष्टिगत गरी गुरुकुल शिक्षाको आवश्यकता, पाठ्यक्रमको व्यवस्था आदिलाई दृष्टिगत गरी गुरुकुल स्वयम्ले पठनपाठनको अवधि तय गर्ने छ । साधारणतया कक्षा १-३ मा वार्षिक ८१६ घण्टा र कक्षा ४-५ मा ९३६ घण्टा (१९२ दिन वा ३२ हप्ता) पठनपाठन गरिने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. विद्यार्थी मूल्याङ्कन

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइउपलब्धिका आधारमा पटकपटक सिकाइअवसर प्रदान गर्नुपर्ने छ ।

२. कक्षा १-३ का विद्यार्थीको कार्यसञ्चयिका (प्रगति विवरण/Portfolio) फायल राखिने छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, धार्मिक अनुष्ठान र क्रियाकलाप, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरीजवाफ आदिका माध्यमले अद्यावधिक गरिने छ । गुरुकुलमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना गुरुकुल विद्यालयमा छलफल गर्ने व्यवस्था गरिने छ । कार्यसञ्चयिकामा त्यसको अभिलेख राख्ने व्यवस्था गरिने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्ने छ ।

३. कक्षा १-३ मा निरन्तर विद्यार्थीको मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि अनुसूचीमा उल्लिखित साधनहरूलाई प्रयोगमा ल्याउनुपर्ने छ ।

४. कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन ।

५. निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य, निर्दिष्ट सिकाइउपलब्धिका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइउपलब्धिको स्तर हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ । विद्यालयमा अति कम उपस्थिति भएका र न्यूनतम सिकाइउपलब्धि हासिल नगरेका विद्यार्थीहरूका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित गुरुकुलको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

६. कक्षा १-३ मा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा वर्गीकरण गरिने छ ।

७. कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक) पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक तथा निर्णयात्मक दुवै मूल्याङ्कनका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ र छुट्टै उत्तीर्ण हुनुपर्ने छ ।

८. निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) मा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्यांङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित गुरुकुल विद्यालयले कक्षोन्नतिको निर्णय गर्ने छन् ।

९. विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

१०. निरन्तर मूल्याङ्कन प्रक्रियाको मूल्याङ्कनका आधार अनुसूची १, २ र ३ मा दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत रचना

(कक्षा १-५)

१. परिचय

संस्कृत भाषा विश्वको सर्वप्राचीन भाषाका रूपमा स्थापित एवम् गतिशील रहँदै आएको छ । संसारको सर्वप्राचीन ग्रन्थ ऋग्वेद संस्कृत भाषामा लेखिएको छ भने पहिलो भाषिक व्याकरण माहेश्वर व्याकरण पनि संस्कृतमै लेखिएको छ । यिनै ग्रन्थको समकालीन ऋग्प्रातिशाख्यको भाषामा भाषा विज्ञानको नवीनतम दृष्टिकोण पनि निहित छ । ऋग्वेदलाई नै आधार मानेर ऋक्प्रातिशाख्यमा तोकिएको स्वरवर्ण र व्यञ्जनवर्णको आजसम्म पनि अङ्ग्रेजी, नेपाली, हिन्दीलगायतका प्रमुख भाषाहरूमा प्रयोग भइरहेको छ । करिब तीन हजार भाषाहरूमध्ये सबभन्दा पुरानो र समृद्ध भाषाका रूपमा प्रचलित यो भाषा अठारौं शताव्दीयता युरोपेलीहरूले सुरु गरेको वैज्ञानिक भाषा अध्ययन पद्धतिबाट पनि अति व्यवस्थित, नियमबद्ध र समृद्ध भाषाका रूपमा परिचित भइरहेको छ । यही भाषामा वेद, पुराण, धर्मशास्त्र, दर्शन, साहित्य, कर्मकाण्ड आदि प्राच्य ज्ञानविज्ञानका समस्त विषय समाहित छन् । कालक्रमले गर्दा वर्तमान समयमा यस भाषाले कथ्य रूपमाभन्दा लेख्य रूपमा आफ्नो वर्चस्व बढी स्थापित गरेको छ । यस भाषाको ज्ञानका लागि सानै कक्षादेखि क्रमबद्ध रूपमा संस्कृतको अध्ययन नगराए पछिगएर जुनसुकै शास्त्रीय विषयको अध्ययन गर्न कठिनाइ पर्दछ । अत: पौरस्त्य वाङ्मयको अध्ययनको मूलधार बनाउन गुरुकुल शिक्षाका लागि विद्यार्थीहरूलाई प्राथमिक तहदेखि नै संस्कृत भाषामा प्रवेश गराउनु नितान्त आवश्यक देखिन्छ । यही आवश्यकतालाई हृदयङ्गम गरी प्राथमिक तह (कक्षा १-५) का लागि निम्नानुसार संस्कृत रचनाको पाठ्यक्रम विकास गरिएको हो ।

२. साधारण उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. संस्कृत भाषाका स्वर, व्यञ्जन, अक्षर र शब्दहरू सुनी स्वाभाविक रूपमा शुद्ध र स्पष्टसँग उच्चारण गर्न तथा स्वाभाविक गतिका साथ लेख्न,

२. कुनै विषयवस्तुको वर्णन, छलफल, प्रश्नोत्तर, कुराकानी आदि ध्यानपूवर्क सुनी तिनको अर्थ र आशयअनुसार प्रतिक्रिया जनाउन,

३. बालकथा, गीत, कविता आदि ध्यानपूर्वक सुनी आफूले पनि सोहीअनुसार व्यक्त गर्न,

४. प्रसारण माध्यमबाट प्रसारित विषयवस्तु ध्यानपूर्वक सुन्न,

५. निर्धारित पद्यहरूको आशय बुझी गति, यति मिलाइ पढ्न,

६. स-साना सूचना, पोस्टर, वालपत्रिका पढेर आशय बुझ्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. सरल बाल साहित्यका रचनाहरू रुचि लिई पढ्न

८. शब्दहरूको समुचित रूपमा समन्वय स्थापित गरी वाक्य वनाउन,

९. अनुभूत विषयलाई वाक्यमा लेख्न,

१०. आफूले देखे, सुने र पढेका विषयमा छोटा लिखित रचना तयार गर्न ।

३. विशिष्ट उद्देश्य

कक्षा – १

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. संस्कृत भाषाका स्वर र व्यञ्जन सुनेर छुट्याउन र उच्चारण गर्न,

२. जोडिएका संयुक्त अक्षर र वर्णहरू शुद्धसँग पढ्न,

३. हिज्जे मिलाएर परिचित शब्द लेख्न,

४. विभिन्न प्रकारका आवाजहरू सुनेर छुट्याउन,

५. दुईजना बीचमा हुने सामान्य कुराकानी र प्रश्नोत्तर सुनेर प्रतिक्रिया जनाउन,

६. प्रचलित स्तुति, भजन तथा कथाहरू सुनेर भन्न,

७. परिचित व्यक्तिसँग सोधपुछ, कुराकानी र प्रश्नोत्तर गर्न,

८. सरल शब्द र मात्रा सहितका शब्द अनुलेखन गर्न,

९. सरल शब्द र मात्रा सहितका शब्दको श्रुतिलेखन गर्न,

१०. सरल तथा परिचित शब्द तथा वाक्य लेखन,

११. पूर्णविराम चिह्नको प्रयोग गर्न,

१२. वचन, लिङ्ग, पुरुषसँग क्रियापदको मेल गराएर सरल वाक्यहरू बोल्न र लेख्न,

१३. शब्दभण्डार वृद्धि गर्दै जान ।

कक्षा – २

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. विभिन्न अक्षर र शब्दहरू सुनेर शुद्ध रूपमा प्रयोग गर्न,

२. संयुक्त वर्ण भएका र उस्तै ध्वनि सुनिने शब्दहरूको शुद्ध उच्चारण गर्न ।

३. तीनचार जनाबीचमा हुने सामान्य कुराकानीहरू सुनेर प्रतिक्रिया जनाउन,

४. साधारण र प्रचलित स्तुति वा भजन र बालकथाहरू सुन्न एवम् सस्वर पढ्न,

५. सामान्य विषयमा परिचित व्यक्तिसँग सोधपुछ, कुराकानी, प्रश्नोत्तर र वर्णन गर्न ।

६. स्थानीय परिचित स्तुति वा भजनहरू व्यक्तिगत तथा समूहमा हाउभाउसहित गाउन ।

७. आफूले जानेका बालकथा भन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. विभिन्न चित्रको रेखाङ्कन गरी त्यसको नाम लेख्न ।

९. सरल वाक्यहरू रचना गर्न ।

१०. सरल अनुच्छेदको अनुलेखन गर्न ।

११. परिचित शब्द तथा वाक्यहरू श्रुतिलेखन गर्न ।

१२. पूर्ण विराम र प्रश्नवाचक चिह्नको प्रयोग गर्न ।

१३. शब्दभण्डार वृद्धि गर्दै जान ।

१४. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर सरल वाक्यहरू बोल्न र लेख्न ।

कक्षा – ३

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. विभिन्न प्रकारका आवाजहरू र उस्तै सुनिने ध्वनि, शब्द सुनेर ठीक ध्वनि, शब्द छुट्याउन,

२. विशेष परिवेशमा भएका प्रश्नोत्तर, कुराकानी सुनेर प्रतिक्रिया जनाउन,

३. सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, छलफल गर्न,

४. प्रचलित भजन र सरल बालकविता उचित हाउभाउसहित गाउन,

५. आफूले जानेका बालकथा भन्न,

६. मानवशरीरमा प्रसिद्ध बाह्य अङ्ग, विद्यालयसम्बन्धी दृश्य वस्तु, नातागोता, उपभोग्य वस्तु र सांस्कृतिक विषयमा आधारित शब्दहरूको शुद्ध उच्चारण, लेख्न र अर्थबोध गर्न,

७. निर्धारित शब्दका अगाडि एषः, एषा, एतत् विशेषण लगाई शुद्ध रूपमा उच्चारण गर्न र लेख्न,

८. सरल संस्कृत बोधको नेपाली र सरल नेपाली वाक्यको संस्कृतमा अनुवाद गर्न,

९. निर्धारित शब्दहरूलाई अस्, लिख्, पठ्, हस्, खाद् अर्च्, जप् धातुहरूको लट्लधारकोप्रथम पुरुषका क्रियाहरूका साथ प्रयोग गर्न,

१०. अत्यन्त सरल र छोटा प्रबन्ध, संवाद र कथामा विषयवस्तुहरूको ज्ञान गरी सम्बद्ध विषयको वर्णन गर्न, प्रश्नोत्तर गर्न, आशय बताउन र लेख्न,

११. संस्कृतका प्रेरणास्पद आदर्श वाक्यहरू पढ्न, बुझ्न, तदनुरूप आचरण गर्न र लेख्न,

१२. स्तुति र सुशिक्षा प्रदायक पद्यहरूलाई गति, यति र लय मिलाई पढ्न, लेख्न र अर्थ बताउन,

१३. साधारण अनुच्छेदको अनुलेखन गर्न,

१४. सरल वाक्यको श्रुतिलेखन गर्न,

१५. निर्देशनअनुसार छोटा अनुच्छेद लेख्न,

१६. पूर्णविराम, अल्पविराम, प्रश्नवाचक चिह्नको प्रयोग गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न,

१८. विभिन्न प्रकारका शब्दहरूसँग परिचित भई शब्दभण्डार वृद्धि गर्न ।

कक्षा – ४

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. आफ्नो समुदायमा भएका कुराकानी, छलफल, वर्णन सुनेर प्रतिक्रिया जनाउन ।

२. आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन ।

३. सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, छलफल, प्रश्नोत्तर, वर्णन गर्न ।

४. साधारण विषयमा हाउभाउ सहित संवाद र अभिनय गर्न ।

५. गति, यति र लय मिलाई गीत, कविता भन्न ।

६. पोस्टर, भित्तपात्रो, हस्तलिखित सामग्री आदि पढ्न ।

७. चिठीपत्र, समाचार, निवेदन र अन्य विवरण पढ्न ।

८. सरल बालसाहित्यहरू सस्वर र मौन रूपमा पढ्न ।

९. वनस्पति, प्राणी र संस्कृतसम्बन्धी निर्धारित शब्दहरूको शुद्ध उच्चारण गर्न, अर्थ बताउन, शुद्धसँग लेखन र वाक्यमा प्रयोग गर्न ।

१०. युस्मद्, अस्मद् र तत् शब्दका प्रथमा विभक्तिका वचनहरूलाई निर्धारित धातुहरूको वर्तमान कालिक क्रियापदका साथ शुद्ध वाक्य बनाउन ।

११. प्रसिद्ध अव्यय शब्दलाई वाक्यमा प्रयोग गर्न र करण वाक्यलाई अकरण बनाउन ।

१२. सरल संस्कृत वाक्यको नेपाली र नेपालीको सरल संस्कृत अनुवाद गर्न ।

१३. निर्धारित प्रबन्ध, संवाद र कथाका विषयवस्तुहरूको बोध गरी प्रश्नोत्तर गर्न, सारांश बताउन र लेख्न ।

१४. सच्चरित्र र नैतिकता बोधक संस्कृत आदर्श वाक्यहरूको अर्थ बुझ्न र तदनुकूल आचरण गर्न ।

१५. स्तुति र सदाचारमूलक पद्यहरू स्वाभाविक रूपमा सस्वर वाचन गर्न, अर्थ बताउन र शुद्धसँग लेख्न ।

१६. शुद्ध र सफासँग अनुलेखन गर्न ।

१७. सरल अनुच्छेदको श्रुतिलेखन गर्न ।

१८. निर्देशनका आधारमा तथा स्वतन्त्र रूपमा छोटा रचना तयार गर्न ।

१९. पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोग गर्न ।

२०. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न ।

२१. सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी बोल्न र लेख्न ।

२२. विभिन्न प्रकारका शब्दहरूसँग परिचित भई शब्दभण्डार वृद्धि गर्न ।

0. Nepal Sanskrit Academy, Kathmandu Collection

कक्षा – ५

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन,

२. विशेष परिवेशमा भएका प्रश्नोत्तर, कुराकानी, छलफल, वर्णन सुनेर प्रतिक्रिया जनाउन,

३. आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन,

४. शिष्टाचारका शव्द प्रयोग गरी बोल्न,

५. गति, यति र लय मिलाई गीत, कविता भन्न,

६. पोस्टर, भित्तेपात्रो, हस्तलिखित र विज्ञापनका सामग्री आदि शुद्धसँग पढ्न,

७. चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न,

८. वाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न,

९. शैक्षिक, आकाशीय, सङ्ख्यात्मक, कालवाचक, सञ्चार, संस्कृत र संस्कारसम्बन्धी निर्धारित शव्दहरूको उच्चारण लेखन क्रियाकपदहरूको प्रयोग गरी शुद्ध वाक्य बनाउन,

१०. निर्धारित धातुहरूको वर्तमानकालिक लट्कारका क्रियाकपदहरूको प्रयोग गरी शुद्ध वाक्य बनाउन,

११. प्रचलित केही अव्ययहरूलाई वाक्यमा प्रयोग गर्न र कर्ता तथा क्रियाको वचन परिवर्तन गरी वाक्य बनाउन,

१२. सरल संस्कृत वाक्यलाई नेपालीमा र सरल नेपालीले संस्कृतमा अनुवाद गर्न,

१३. अनुशासन र मर्यादाबोधक संस्कृतका आदर्श वाक्यहरूको अर्थ बुझ्न, लेख्न र तदनुकूल व्यवहार गर्न,

१४. निर्धारित प्रवन्ध, संवाद र कथाका विषयवस्तुहरूको ज्ञान गरी प्रश्नोत्तर गर्न, भावार्थ लेख्न,

१५. स्तुति, मर्यादा र पारस्पारिक सद्भावबोधक पद्यहरूको सस्वर वाचन गर्न, अर्थ बताउन र सारांश लेख्न,

१६. चित्र र अन्य उपयुक्त विषयवस्तुको लिखित वर्णन गर्न,

१७. शुद्ध र सफासँग अनुलेखन गर्न,

१८. सरल अनुच्छेदको श्रुतिलेखन गर्न,

१९. निर्देशनका आधारमा र स्वतन्त्र रूपमा रचना तयार गर्न,

२०. पूर्णविराम, अल्पविराम प्रश्नवाचक, उद्धरण र विस्मयादिबोधक चिह्नको प्रयोग गर्न,

२१. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न,

२२. सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी लेख्न,

२३. विभिन्न प्रकारका शव्दहरूसँग परिचित भई शव्दभण्डार वृद्धि गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

कक्षा – १

क्र.सं.	विधा	विषयवस्तुको क्षेत्र र क्रम	शिक्षण विधि र क्रियाकलाप	शैक्षिक सामग्री	पाठ्यभार	पूर्णाङ्क
१	वर्ण	(क) स्वर र व्यञ्जनको उच्चारण, पहिचान र लेखन । (ख) स्वरवर्जित व्यञ्जनको उच्चारण र लेखन । (ग) सरला र हलन्त वर्णहरूद्वारा बनेका शब्दहरूको उच्चारण र लेखन ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - वर्णानुसार उच्चारण, चित्रदर्शन, अक्षर लेखनको निर्देशन, अभ्यास, संशोधन र सुझाव । - निर्देशन, अभ्यास, संशोधन र सुझाव ।	अक्षरपत्ती, हलन्ताक्षरपत्ती, शब्दपत्ती, शब्दानुसारका चित्रपत्ती, विभिन्न वस्तुका आकर्षक चित्र ।	५८	३०
२	शब्द	(क) शब्दको उच्चारण, पहिचान र लेखन । (ख) शब्दहरूको अर्थ बोध । (ग) वचनानुसार शब्दको प्रयोग ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव ।	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	३८	२०
३	वाक्य	(क) परिचित शब्दहरूको प्रयोग गरी वाक्यमा प्रयोग (ख) लघु संवाद (दुई जनाबीच) (ग) वाक्यमा पूर्णविराम चिह्नको प्रयोग	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, शब्दपत्ती, वाक्यपत्ती	१८	१०
४	सरल कथा	लघु कथा	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	५८	३०
५	पद्य	सरल स्तुति पद्य	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	१८	१०
				जम्मा	१९०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कक्षा – २

क्र.सं.	विधा	विषयवस्तुको क्षेत्र र क्रम	शिक्षण विधि र क्रियाकलाप	शैक्षिक सामग्री	पाठ्यभार	पूर्णाङ्क
१	शब्द (वचन)	(क) संयुक्त शब्द र उस्तै ध्वनि सुनिने शब्दहरूको उच्चारण, पहिचान र लेखन । (ख) शब्दहरूको अर्थ बोध । (ग) वचनानुसार शब्दको प्रयोग ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव ।	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	४८	२५
२	शब्द (लिङ्ग)	(क) शब्दको उच्चारण, पहिचान र लेखन । (ख) शब्दहरूको अर्थ बोध । (ग) लिङ्ग एवम् वचनानुसार शब्दको प्रयोग ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव ।	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	४८	२५
३	वाक्य	(क) संयुक्त शब्दहरूको प्रयोग गरी वाक्यमा प्रयोग (ख) लघु संवाद (तीन जनाबीच) (ग) वाक्यमा पूर्णविराम र प्रश्नवाचक चिह्नको प्रयोग (घ) वाक्यमा वचन, लिङ्ग, पुरुष र आदरसँग मेल गराएर सरलवाक्य निर्माण	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, शब्दपत्ती, वाक्यपत्ती	२८	१५
४	सरल कथा	लघु कथा	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	४८	२५
५	पद्य	स्तुति पद्य	- वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	कक्षाकोठामा उपलब्ध सामग्री, विभिन्न चित्र	१८	१०
				जम्मा	१९०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कक्षा – ३

क्र.सं.	विधा	विषयवस्तुको क्षेत्र र क्रम	शिक्षण विधि र क्रियाकलाप	शैक्षिक सामग्री	पाठ्यभार	पूर्णाङ्क
१	शब्दज्ञान	**(क) मानव शरीरका प्रसिद्ध वाह्य अङ्गहरू** - नेत्र, कर्ण, ओष्ठ, मुख, हस्त, नाभि, जानु, उरु, अङ्गुली, स्कन्ध, नख, कपोल पादयी शब्दहरूको शुद्ध उच्चारण, अर्थबोधन र प्रदर्शन	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव ।	- विभिन्न अङ्ग देखाएको मानवशरीरको ठूलो चित्र	३८	२०
		(ख) विद्यालयसम्बन्धी दृश्यशब्दहरू - विद्यालय, गुरु, शिक्षिका, छात्र, छात्रा, पुस्तक, अभ्यासपुस्तिका, श्यामपट्ट, लेखनी, मसी, पुस्तकधानी, मञ्चक, शब्दहरूको शुद्ध, उच्चारण, लेखन, अर्थबोधन र प्रदर्शन	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	- कक्षाकोठामा उपलब्ध सामग्री र प्रधानाध्यापकको कोठामा प्राप्त वस्तुहरू		
		(ग) नातागोतासम्बन्धी शब्दहरू - पिता, माता, अग्रज, अनुज, भगिनी, पितामह, मातामह, मातुल, मातुली, पितृष्वसा, मातृष्वसा, भ्रातृजाया, पुत्र, पुत्री, भागिनेय, पितृत्य, पितृत्या, जामाता, यी शब्दहरूको शुद्ध उच्चारण लेखन र प्रयोग	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	- विभिन्न उमेरका मानिसका चित्र		
		(घ) उपभोग्य वस्तुसम्बन्धी शब्दहरू - भक्त, व्यञ्जन, दुग्ध, दधि, तक्र, धृत, जल, तैल, फल, वस्त्र, अङ्गलीयक, घटिका, दण्ड, छत्र, मिष्ठान्न, शर्प, यी शब्दहरूको शुद्ध उच्चारण लेखन र प्रयोग।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	- निर्दिष्ट शब्दानुसारका सुन्दर चित्रहरू		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		(ङ) **सांस्कृतिक शब्दहरू** - गणेश, भास्कर, देवी, शिव, विष्णु, राम, कृष्ण, बुद्ध, सरस्वती, लक्ष्मी, सीता, राधा, मन्दिर, भक्त, पुष्पाञ्जलि, मण्डप, यज्ञ, जप, ध्यान यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थ बोध ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	पाञ्चायन देवताका चित्र, मन्दिर, यज्ञमण्डप, जप गरिरहेको मानिस, राधाकृष्ण, सीताराम आदिका चित्र		
		(च) (क), (ख), (ग), (घ), (ङ) मा उल्लिखित शब्दहरूका साथ उच्चारण, अर्थ बोध र प्रयोग जस्तै : एषः कर्ण, एषा शिक्षिका, एतत् नेत्रम् ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - शब्दको लिङ्गानुसार एष, एषर र एत्तको प्रयोग गर्ने विधि निर्देशन	एष, एषा, एत्तका शब्दपत्ती र स्त्री, पु. नपुं. लिङ्गका केही शब्दपत्ती		
		(क) उल्लिखित शब्दहरूलाई अस, लिख्, पठ्, हस् खाद्, धातुहरूको लट्कारको प्रथमपुरुषका एक द्वि र बहुवचनका क्रियापद र करण अकरण वाक्य सित मिलान जस्तै : नेत्रम् अस्ति, गुरुः लिखति, छात्र, पठति, माता हसति, अनुजः खादति ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - कर्ता र क्रियाको वचन साम्य गर्ने तरिकाको निर्देशन उदाहरण, प्रश्नोत्तर, अभ्यास	कर्ता र क्रियाका विभिन्न शब्दपत्ती	११	६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२	अनुवाद	सरल संस्कृत वाक्यको नेपाली र सरल नेपाली वाक्यको संस्कृतमा अनुवाद जस्तै : (i) एतत् गृहम् अस्ति (ii) भगिनी पठति (iii) आमा हाँस्नु हुन्छ (iv) भाइ लेख्छ ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - लिङ्ग, वचन, पुरुष र विशेषणअनुसार समुचित शब्द र क्रियाको प्रदर्शन गरी वाक्य संयोजन गर्ने विधिको वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन	विभिन्न वाक्यका रूपका चित्रहरू	२८	१५
३	प्रबन्ध	गाई, घर र रूखमध्ये कुनै एक विषयलाई आधार मानेर बढीमा २० सरल वाक्यमा लेखिएको संस्कृत प्रबन्ध	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - सस्वार वाचन, अनुवाचन, विषयवस्तुबोध, शब्दार्थ, ज्ञान, अभ्यास र निर्देशन	प्रबन्धानुसारको सुन्दर चित्र	२०	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४	संवाद	दुई पात्रलाई आधारमानी अत्यन्त सरल विषयलाई लिएर बढीमा १२ वाक्यमा लेखिएको संवाद	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - संवादका रूप पात्र परिकल्पना, संवाद, अर्थबोध, छलफल, अभ्यास र निर्देशन	दुईजना मानिस कुरा गरिरहेको चित्र	२२	१२
५	कथा	बढीमा २० सरल वाक्यद्वारा प्रस्तुत शिक्षाप्रद कथा	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - कथ्य विषय बोध शब्दार्थ ज्ञान, सारांश, कथा प्राप्त शिक्षा, अभ्यास र निर्देशन	कथानुरूप चित्र	२२	१२
६	सत् शिक्षा प्रदायक वाक्यहरू	सत् शिक्षाप्रदायक संस्कृतका विशिष्ट ५ वाक्यहरू जस्तै : मातृदेवी भव, पितृदव भव, आंचार्य देवो भव, अतिथिदेव भव, स्वाधयायान्मा प्रमढः	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - वाक्योच्चारण वाक्यभिप्राय वर्णन, अभ्यास र निर्देशन	वाक्यानुरूप चित्र	११	६
७	स्तुति र प्रेरणास्पद पद्य	देव देवीका स्तुति र छात्रजीवनमा सत्प्रेरणादायी ५ पदहरू जस्तै : माता....... (ग) सरस्वती मांया दृष्टा .... (घ) विद्या दहाति विनयम् (ङ) अनेक संशयोच्छछेदी	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	स्तुतिमा वर्णन गरिएका देवीदेवताका चित्र ।	३८	१७
				जम्मा	१९०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयवस्तुको क्षेत्र र क्रम

कक्षा –४

क्र.सं.	विधा	विषयवस्तुको क्षेत्र र क्रम	शिक्षणविधि र क्रियाकलाप	शैक्षिक सामग्री	पाठ्यभार	पूर्णाङ्क
१	शब्दार्थ ज्ञान	**(क) वनस्पतिसम्बन्धी प्रसिद्ध शब्दहरू** - वृक्ष, लता, पुष्प, फल, शाखा, मूल, पत्र, काण्ड, कुन्डमल, परपा, इक्षु, ताम्बल, मवरन्द, कमल, मञ्जरी, परिमल, आम्र, कर्कटीफल, नारङ्गा, कुश, काश, दुर्वा, किसलय, पल्लव, कदली अशवत्थ, वट, शर्मा, तुलसी, विल्व, निम्ब, वेश, पनस, इङ्गदी यी शब्दहरूको शुद्धउच्चारण लेखन र अर्थ बोध ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	विभिन्न वनस्पतिका चित्र	३०	२०
		(ख) प्राणीसम्बन्धी प्रसिद्ध शब्दहरू - मनुष्य, गो, गज, अश्य, छाग, पृषभ, वानर, भूषिक कुक्कुर, मार्जार त्याघ्र, सिंश, जम्बूक, मृग, मेष, मल्लुक, शशक्त, गण्डक, सर्प, कच्छप, वृश्चिक, ग्राह, मत्स्य भेक, तिमिङ्गील, महिष, महिषी, तर्णक, उष्ट्र, गर्दभ यी शब्दहरूको मानक उच्चारण लेखन र अर्थ बोध	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	निर्दिष्ट शब्दानुसारका चित्र		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		(ग) पक्षीसम्बन्धी प्रसिद्ध शब्दहरू - हंस, कुक्कट, शुक, सारस, कोकिल, मयुर काक, चटक, रारिका, खग, गृघ्र, चासरक, चातक, क्रौञ्च, कपोत, भारद्वाज (भद्राई) वन्यकुक्कट, उलूक, श्येन, वर्तिका (बट्टाई) यी शब्दहरूको मानक उच्चारण लेखन र अर्थ बोध	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	विभिन्न चराका चित्र		
		(घ) संस्कृतिसम्बन्धी प्रसिद्ध शब्दहरू - इन्द्र, बरुण, कुबेर, ब्रह्मा, अग्नि, यज्ञशाला, हवि, समित्, पञ्चपात्र, पञ्चामृत, वेञ्चगत्य, पञ्चरत्न, पञ्चपलल्लव, पाञ्चायन देवता, सर्षप, यज्ञोषवीस, सुव, नैवेद्य, अर्ध, शङ्ख, घण्टा, डमरु, व्यञ्जन, चामर, रक्षाबन्धन, तिलक, अक्षता, यव, पुङ्गीफल, कलश, दीप, प्रतिमा वेदी, कर्मपात्र, गोदान दक्षिणा यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थज्ञान ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव	इन्द्र, बरुण, कुवेर, ब्रह्मा आदि देवताका चित्र पूजा कोठामा पूजा गरिरहेको चित्र दीप, बलया, गणेश मुख्य देवताको पूजा गरिरहेको चित्र		
		(ङ) (क), (ख), (ग), (घ) मा उल्लिखित शब्दहरूको अयम्, इयम् र दूदम विशेषणका साथ उच्चारण, अर्थबोध र प्रयोग जस्तै : (क) अयं वृक्ष : (ख) इयम मञ्जरी (ग) इदम् फलम्	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - शब्दनिर्दिष्ट लिङ्गानुसार अयम्, इयम् र इदमको प्रयोग गर्ने रीति प्रदर्शन	अयम, इयम र दूदम् लेखेको शब्दपत्ती, स्त्री, पु., नपुं, लिङ्गीका विभिन्न शब्दपत्ती		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२	क्रियापद	(क) युस्मद्, अस्मद् पुँलिङ्गी तत् र अन्य शब्दहरूको अस्, लिख्, पठ्, हस्, खाद् अर्च, जप्, पत्, दृश् भू, धातुहरूको वर्तमान काल लट्‌लकारका क्रियापदका साथ सरल वाक्यको संयोजन । जस्तै : (क) सः हसति (ख) त्वं गचसिं (ग) अहं पश्यामि (घ) ते पठतः (ङ) यूयं पश्यथ (च) छात्राः पठन्ति (छ) राम : लिखति ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - प्रथम, मध्यम र उत्तम पुरक्षका कर्ता र क्रियाको अवधारणा, यिनको संयोजन गर्ने रीति, उदाहरण, छलफल, अभ्यास, संशोधन र सुझाव	प्रथम, मध्यम, उत्तम, पुरुषका विभिन्न वचनका क्रियापदपत्ती र तीनै पुरुषका विभिन्न वचनका कर्ताका शब्दपत्ती	२०	१५
३	प्रश्नार्थक वाक्य	क, का, किम् शब्द प्रयोग गरी वाक्य निर्माण	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - क्रिया शब्द र यसका विशेषण प्रयोग गरी वाक्य निर्माण		१०	५
४	अनुवाद	(क) सरल संस्कृत वाक्यको नेपाली र सरल नेपाली वाक्यको संस्कृत अनुवाद जस्तै : - फलानी पतन्ति - ते भवन्ति - भक्त पूजा गर्दछ - आमा पूजा गर्नुहुन्छ ।	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - लिङ्ग, वचन, पुरुष र विशेषणअनुसार समुचित शब्द र व्रियाका प्रदर्शन गरी वाक्य संयोजन गर्ने विधिको वर्णन, छलफल, प्रश्नोत्तर, निर्देशन र सुझाव	वाक्यअनुरूप विभिन्न चित्रहरू	२५	१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५	प्रबन्ध	विद्यालय, बगैंचा र आफ्नो घरमध्ये कुनै एक विषयलाई आधार मानेर बढीमा २५ वाक्यमा लेखिएको प्रबन्ध	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - सस्वर शुद्ध, वाचन, अनुवाचन, संशोधन, शब्दार्थ ज्ञान, विषय बोध, छलफल, अभ्यास र सुझाव	प्रबन्धनुरूप चित्र	१०	५
६	संवाद	दुई व्यक्तिलाई आधार मानी अत्यन्त सरल विषयलाई लिएर बढीमा १५ वाक्यमा लेखिएको संवाद	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - पाठ्य विषययानुरूप पात्रकल्पना, छलफल, अभ्यास र सुझाव	विषयअनुसारको चित्र र दुई व्यक्ति कुरा गरिरहेको चित्र	१५	१०
७	कथा	बढीमा २५ सरल वाक्यद्वारा प्रस्तुत बालोपयोगी शिक्षाप्रद कथा	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - कथाको सारांश कथन, शब्दार्थज्ञान, कथा निर्दिष्ट शिक्षा, अभ्यास र सुझाव	विषयअनुसारको चित्र	१५	१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८	सत्शिक्षा प्रदायक वाक्य	सत् शिक्षा प्रदायक संस्कृतका महत्त्वपूर्ण ६ वाक्यहरू जस्तै : (क) नानृतात् पातार्क महत् (ख) परोपकाराय सतां विभूतय (ग) मा हिंरयात् सर्वा भूतानि (घ) आत्मन प्रतिकूलानि परेबा न समाचरेते (ङ) जननी जन्म भूमिश्च स्वर्गदपि गरीयसी (च) पितुर्दशगुणा माता खौखेणातिरत्येत	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - वाक्याभिप्राय बोध, शब्दार्थज्ञान, अभ्यास र निर्देशन	वाक्यानुरूपका चित्र	१०	५
९	स्तुति र नैतिक पद्य	देवी, देवताका स्तुति र नैतिकतामा आधारित ६ पद्य जस्तै : (क) विश्वानि देव सवितर (ख) कर्पूरगौरम् ..... (ग) या कुन्देन्दु ..... (घ) अजरामखत् प्राज्ञ (ङ) वरमेको गुंवी पुत्रः (च) अनकेसंशयोच्छेदी	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दानुसार उच्चारण, चित्रप्रदर्शन, लेखन अभ्यास, सुझाव - आदर्श वाचन, लय मिलाई गति, यतिका साथ अनुवाचन, शब्दार्थज्ञान, श्लोककार्थबोध, सारांश लेखन, प्रश्नोत्तर, अभ्यास तथा निर्देशन ।	स्तुतिनिर्दिष्ट देवीदेवताका चित्र पद्यसित सकभर मेल खाने चित्र	२५	१५
				जम्मा	१६०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयवस्तुको क्षेत्र र क्रम

कक्षा – ५

क्र.सं.	विधा	विषयवस्तुको क्षेत्र र क्रम	शिक्षणविधि र क्रियाकलाप	शैक्षिक सामग्री	पाठ्यभार	पूर्णाङ्क
१	शब्दार्थ बोध	**(क) शिक्षासम्बन्धी प्रसिद्ध शब्दहरू** - महाविद्यालय, विद्यापीठ, विश्वविद्यालय, परीक्षा, उत्तरपुस्तिका, परीक्षण, सम्परीक्षक, निरीक्षक, निरीक्षण, पर्यवेक्षक, सुपरीक्षक, प्राध्यापक, स्नातक, गुरुकुल, प्राचार्य, उपाधि, कुलपति, उपकुलपति, नियन्त्रक, कुलसचिव, परीक्षाफल, पुनर्योग, उत्तीर्ण, श्रेणी, सर्वप्रथम, लब्धाङ्क, पुरस्कार, मूल्याङ्कन, अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा, त्रैमासिक परीक्षा यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थ बोध	- वर्णन, छलफल, प्रश्नोत्तर - शुद्ध उच्चारण, - शब्दार्थ कथन - चित्रदर्शन - उच्चारण र लेखनको अभ्यास - त्रुटि निराकरण, आवश्यक सुझाव	शब्दार्थ निर्दिष्ट चित्रहरू	१५	१०
		(ख) आकाशीय र सङ्ख्यावाचक शब्दहरू - सूर्य, चन्द्र, भौम, बुध, बृहस्पति, शुक्र, शनि, राहु, केतु, अरूण, वरुण, नक्षत्र, नभ, आकाशगङ्गा, धूमकेतु, नीहारिका, ग्रह, उदय, अस्त, ग्रहण, एक, द्वित्री..... - विंशतिः, गणकयन्त्र (क्यालकुलेटर), ज्यामितिय पेटिका, ग्रहकक्षा, ग्रहगति यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थ बोध		ग्रह, तारा आदिको सुन्दर चित्र सङ्ख्या निर्दिष्ट गर्ने विभिन्न चित्र		
		(ग) कालसम्बन्धी प्रसिद्ध शब्दहरू - वर्तमान, भूत, भविष्यत्, पक्ष, वार, तिथि, करण, योग, उत्तरायण, दक्षिणयन, प्रभात, मध्यान्ह, अपराह्न, दिन, रात्री, सन्ध्याप्रहर, मुहूर्त, घटी, पल, विपल, होरा, कला, राशि, अंश, विकला, युग, मास, ऋतु, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर यी शब्दहरूको स्तरीय उच्चारण शुद्धलेखन र अर्थबोध		सूर्योदय, सूर्यास्त, ऋतु परिवर्तन आदि विषयहरूलाई स्पष्ट पार्ने सुन्दर चित्र		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		(घ) सञ्चारसम्बन्धी शब्दहरू - पत्रिका, सम्पादक, संवाददाता, प्रकाशन, दूरदर्शन (टेलिभिजन), दूरभाष (फोन), सम्पादकीय, प्रकाशक, पत्रकार, लेख, समाचार, अन्तर्वार्ता, विज्ञापन, संवाद, सूचना, सञ्चार, श्रोता, दर्शक, दूरप्रेषक (फ्याक्स), सुसाङ्ख्य यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थ बोध		पत्रिका, फोन, टेलिभिजन आदि वस्तु वा यिनका चित्रहरू		
		(ङ) सांस्कृतिक र शास्त्रीय प्रसिद्ध शब्दहरू - दुर्गा, लक्ष्मी, दशमहाविद्या, नवरात्र, महाकाली, महालक्ष्मी, महासरस्वती, गङ्गाजल, श्राद्ध, तपर्ण, टीका, शारदोत्सव (दसैं) भ्रातृपूजा, श्रीपञ्चमी, महाशिवरात्री, कृष्णाष्टमी, रामनवमी, बुद्धजयन्ती, ऋषिपञ्चमी, श्रावणी, हरितालिका, मकर सङ्क्रान्ति, कर्कट सङ्क्रान्ति, एकादशी, नववर्षारम्भ, दीपमालिका, स्वेतमत्स्येन्द्रयात्रा, रक्तमत्स्येन्द्रयात्रा, पशुपतिनाथ, गुहेश्वरी, मुक्तिक्षेत्र, वराहक्षेत्र, सरुक्षेत्र, देवघट्ट, मनाकामना, गोश्वाभिकुण्ड (गोसाइकुण्ड), सप्त गण्डकी, सप्तकौशिकी, वागमती, विष्णुमती, मनमती, शालीनदी, जातकर्म, वेदारम्भ, समावर्तन, विवाह, जन्मोत्सव, अन्नप्राशन, वेद, उपवेद, पुराण, उपपुराण, धर्मशास्त्र, स्मृति, वेदान्त, व्याकरण, कर्मकाण्ड, ग्रहशान्ति यी शब्दहरूको शुद्ध उच्चारण, लेखन र अर्थबोध		महाकाली, महालक्ष्मी, महासरस्वती, गङ्गा, दसैं टीका, भाइटीका, बुद्ध, मत्स्येन्द्रनाथको रथको चित्र र प्राप्त भए नेपालमा प्रसिद्ध तीर्थस्थलहरूको चित्र		
		(च) (क), (ख), (ग), (घ), (ङ) मा उल्लिखित शब्दहरूको अयम्, इयम् र इदम् विशेषणका साथ उच्चारण, अर्थबोध र प्रयोग जस्तै : अयम्, पत्रकार, इयम् नीहारिका, इदम् विज्ञापनम्	- वर्णन, छलफल, प्रश्नोत्तर, - शब्दको अगाडि वा पछाडि अयम्, दूयम र इदम् लगाउँदा अपनाउनुपर्ने विधि प्रदर्शन र अभ्यास	अयम्, इयम्, इदम्का शब्दपत्ती विभिन्न लिङ्का शब्दपत्ती		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२	अव्यय शब्द ज्ञान	(क) अद्य, प्राप्तः, अथ, दूति, च, अपि, तु बहिः, सम्यक्, एवम् एव अव्यय शब्दहरूको वाक्यमा प्रयोग	- वर्णन, छलफल, प्रश्नोत्तर, - अव्ययको वचनं विभक्ति नहुने अवधारणाको दृढीकरण, (यिनको अर्थ, उदाहरण, वाक्यमा प्रयोग, अभ्यास र निर्देशन)	अव्ययका शब्दपत्ती	१५	१०
३	क्रियापद	(क) अस्, लिख्, पठ्, हस्, खाद्, अर्च, जप्, गम्, पत्, दृश्, भू, चल्, कृ, क्रीड, वद् धातुहरूको वर्तमानकाल लट्कारका क्रियापदहरूको प्रयोग गरी वाक्य निर्माण	- वर्णन, छलफल, प्रश्नोत्तर, - क्रिया र कर्ताको पुरुष र वचनको यथार्थ अवधारणा, यिनको संयोजन विधिको वर्णन, अभ्यास आवश्यक निर्देशन	प्रथम, मध्यम र उत्तम पुरुषका क्रियापदपत्ती र तीनै पुरुषका शब्दपत्ती	१५	१०
४	अनुवाद	सरल संस्कृत वाक्यको नेपाली र सरल नेपाली वाक्यको संस्कृतमा अनुवाद जस्तै : (i) सः बालक अस्ति । (ii) रामः गच्छति । (iii) तिमीहरू खेल्छौ । (iv) तँ खान्छस्	- वर्णन, छलफल, प्रश्नोत्तर, - वाक्यको अभिप्रायअनुसार पदसंयोजन गरी वाक्य निर्माण गर्ने विधिको वर्णन, प्रश्नोत्तर, उदाहरण, अभ्यास र निर्देशन	वाक्यका रूप चित्रहरू	२०	१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५	प्रबन्ध	नदी, मन्दिर, आमा र गुरुमध्ये कुनै दुई विषयलाई आधार मानेर बढीमा ३० वाक्यमा लेखिएको प्रबन्ध	- वर्णन, छलफल, प्रश्नोत्तर, - आदर्श वाचन, अनुवाचन, निर्देशन, शब्दार्थबोध, विषयज्ञान, प्रश्नोत्तर, अभ्यास र सुझाव	प्रबन्धानुरूप सुन्दर चित्र	२०	१५
६.	संवाद	दुई व्यक्तिलाई आधार मानी बालसुलभ अत्यन्त सरल विषयलाई लिएर बढीमा २० वाक्यमा लेखिएको संवाद	- वर्णन, छलफल, प्रश्नोत्तर, - विषयवस्तु अनुरूप पात्र परिकल्पना, संवादनुरूप परिसंवाद, कुराकानी, अभ्यास र निर्देशन	संव दको विपयानुसारको चित्र र दुई व्यक्ति कुरा गरिरहेको चित्र	२०	१०
७	कथा	बढीमा ३० सरल वाक्यद्वारा प्रस्तुत बालोपयोगी बुद्धिबर्धक कथा	- वर्णन, छलफल, प्रश्नोत्तर, - कथाको सारांश प्रतिवादन, शब्दार्थबोध, कथाप्राप्त शिक्षा, अभ्यास एवम् सुझाव	कथा निर्दिष्ट विषयवस्तुसँ मेल खाने चित्र	२०	१०
८	प्रेरणास्पद वाक्य	सत्प्रेरणा र मर्यादा बोधक संस्कृतका ७ ओटा वाक्यहरू जस्तै : (क) हितं मनोहारि च दुर्लभं वच: (ख) सहसा विदधीत न क्रियाम् (ग) भिन्न रुचिर्हि लोक: (घ) त्याज्यं नं धैर्यं विधुरेदणि काले (ङ) अहिंसा परमो धर्म : (च) सत्यान्नास्ति परो धर्म् (छ) अक्षीणे वित्तत: क्षीणे वृत्ततस्तु हतो हत्:	- वर्णन, छलफल, प्रश्नोत्तर, - वाक्यगत अभिप्राय वर्णन, शब्दार्थ ज्ञान, अभ्यास निर्देशन	वाक्यानुरूप सुन्दर चित्र	१०	५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९	स्तुति र ज्ञानवर्धक पद्य	स्तुति र ज्ञानवर्धक ९ पद्य हरू जस्तै : स्तुति (क) नागेन्द्रहाराय ..... (ख) वक्रतुण्ड महाकाय ...... (ग) शान्ताकारं ...... (घ) देवी प्रपन्नर्तिहरे ..... (ङ) भद्रं कर्णे भि: ...... ज्ञानवर्धक (च) अष्टादश पुराणेशु ..... (छ) अयं भिज: परो छेति ..... (ज) काव्यशास्त्रविनोदे ..... (झ) साहित्य सङ्गीत कला	- वर्णन, छलफल, प्रश्नोत्तर, - शुद्ध वाचन, लय मिलाई अनुवाचन, शब्दार्थज्ञान, छलफल, कुराकानी, अभ्यास र निर्देशन	स्तुति निर्दिष्ट देवीदेवताका चित्र (सकभर श्लोक निर्दिष्ट विषयवस्तुसँग मेल खाने चित्र)	२५	१५
				जम्मा	१६०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. शिक्षणसिकाइ प्रक्रिया

कुनै पनि भाषाको शिक्षण गर्नुको उद्देश्य त्यस भाषाको साहित्य वा विषयवस्तु शिक्षण गर्नु नभएर भाषिक सीपको विकास गर्नु भएकाले भाषा शिक्षणसिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्दछ । यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर अभिनय तथा भूमिका निर्वाह, खेल, खोज जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न सकिन्छ भने पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकतानुसारका पढाइ र लेखाइसँग सम्बन्धित कार्यकलाप गराउनुपर्छ । प्राथमिक तहका सीपगत साझा शिक्षणसिकाइ प्रक्रियाका सम्भावित कार्यकलाप यसप्रकार छन् :

(क) सुनाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न वर्णहरू सुनाएर त्यसअनुसार नक्कल गर्न लगाउने ।
- विद्यार्थीहरूलाई आँखा चिम्लन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने ।
- विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने ।
- गफ, कुराकानी सुनाएर प्रतिक्रिया व्यक्त गर्न लगाउने ।
- विद्यार्थी र उसको घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने ।
- विभिन्न रमाइला कथा, कविता आदि सुनाएर बालकविता गाउन र कथा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदि सुनाएर त्यसका मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदिका बारेमा प्रश्नोत्तर र छलफल गराउने ।
- अक्षर, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने ।
- विद्युतीय सञ्चार साधनका कार्यक्रम सुनाएर प्रश्नोत्तर र छलफल गराउने ।
- अन्ताक्षरी आदि शब्दखेल खेलाउने ।

(ख) बोलाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वर्ण, अक्षर र शब्दको उच्चारण गर्न लगाउने ।
- विद्यार्थीलाई विभिन्न वस्तु सङ्कलन गर्न लगाएर ती सामग्रीका बारेमा छलफल गर्न लगाउने ।
- बालगीतहरू गति, यति, लय मिलाई वाचन गरी सुनाउने र विद्यार्थीले सुनेजानेका त्यस्तै गीत गाउन लगाउने ।
- कुनै विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गराउने ।
- बालकथाहरू वाचन गरी सुनाउने र विद्यार्थीहरूले सुनेजानेका बालकथा भन्न लगाउने ।
- विद्यार्थीले देखे, सुनेका र अनुभव गरेका वस्तु, घटना, चित्र आदिका बारेमा वर्णन गर्न लगाउने ।
- साथीहरू र समूहमा कुराकानी र छलफल गर्न लगाउने ।
- वादविवाद, अभिनय, भूमिका निर्वाह र उद्घोषण गर्न लगाउने ।
- कुनै सामान्य समस्या दिएर तर्क गर्न लगाउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) पढाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वस्तु र अक्षर सम्बन्धित गराएर अक्षर चिन्न अभ्यास गराउने ।
- अक्षर, शब्द छनोट गर्ने, जोडा मिलाउने खेल खेलाउने ।
- गोजीतालिकामा आकार, इकारपत्ती राखी त्यसमा अक्षरपत्ती जोड्दै मात्रा चिनाउने ।
- गोजीतालिका प्रयोग गरी शब्दपत्तीहरूको मध्यमबाट शब्द पढ्न लगाउने ।
- गोजीतालिकामा शब्दहरू राखी वाक्य बनाउने र पढ्ने अभ्यास गराउने ।
- गीत, कथा, संवाद आदिका अंश छानी गति, यति, लय र हाउभाउसहित सस्वर पढ्न लगाउने ।
- स-साना विवरण, सूचना, पाठ आदिको आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने ।
- पाठ पढ्न लगाएर त्यसमा भएका कुराहरूको सूची बनाउन लगाउने ।
- पढेका कुराको अर्थ र आशय भन्न लगाउने ।
- अनुच्छेद दिएर पढ्न लगाएर सोधिएका प्रश्नको उत्तर लेख्न लगाउने ।

(घ) लेखाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न धर्का र आकार कोर्न अभ्यास गराउने ।
- वर्णमालाका वर्णहरू लेख्न लगाउने ।
- मन परेका चित्र कोर्न लगाएर त्यसको नाम समेत लेख्न लगाउने ।
- शब्दको क्रम नमिलेका वाक्य दिएर क्रम मिलाई लेख्न लगाउने ।
- प्रश्नको उत्तर लेख्न लगाउने ।
- चित्र, वस्तु तथा वातावरण वर्णन गरी लेख्न लगाउने ।
- शब्द, वाक्य र छोटा अनुच्छेदको अनुलेखन गराउने ।
- अक्षर, शब्द र वाक्यको श्रुतिलेखन गराउने ।
- बुँदा, प्रश्न आदिका आधारमा साधारण चिठी, निवेदन, प्रबन्ध आदि लेख्न लगाउने ।
- विद्यार्थीलाई आफ्नो इच्छाअनुसारको लिखित रचना तयार गर्न लगाउने ।
- अरूले लेखेको सामग्री शुद्धीकरण गर्न लगाउने ।
- भित्तेपत्रिका तयार गर्न लगाउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. विद्यार्थी मूल्याङ्कन

संस्कृत भाषाको प्रयोगको आफ्नै मौलिक परम्परालाई ध्यान दिँदै भाषाका विशेषताका आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा साधारण व्याकरणका लागि विभिन्न सीपको प्राप्तिका आधारमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भाषिक सीपको मूल्याङ्कनका साधनहरू गृहकार्य, कक्षाकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, उपलब्धि परीक्षा आदि हुने छन् ।

प्राथमिक तहमा यस भाषाको भाषिक सीपको मूल्याङ्कन निम्नलिखित तरिकाले गर्न सकिन्छ :

सुनाइ

सुनाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- भनेका कुरा विद्यार्थीले रुचि लिएर सुनेका छन्/छैनन् अवलोकन गर्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- निर्देशनअनुसार विद्यार्थीले ठीक ढङ्गले गरेनगरेको अवलोकन गर्ने ।
- श्रुतिलेखन गराएर जाँच्ने ।
- बालगीत गाएर सोहीअनुसार गाउन लगाउने ।
- कथा, घटना विवरण आदि सुनाएर मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विद्युतीय सञ्चार माध्यमका कार्यक्रम सुनाएर मुख्य कुरा भन्न लगाउने ।

बोलाइ

बोलाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- अक्षर र शब्दको उच्चारण ठीक ढङ्गले गरे नगरेको सुन्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- बालगीत गाउन लगाउने ।
- बाल कथा, चुट्किला आदि भन्न लगाउन ।
- वस्तु चित्र घटना वर्णन गर्न लगाउन ।
- उपयुक्त विषयवस्तु/समस्या दिएर तार्किक अभिव्यक्ति गर्न लगाएर ।
- उपयुक्त विषयवस्तु दिई संवाद, वादविवाद र उद्घोषण गर्न लगाएर अवलोकन गर्ने ।
- हाउभाउसाथ अभिनय गर्न लगाएर अवलोकन गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पढाइ

पढाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- कालोपाटीमा वा अक्षरपत्तीमा लेखिएका अक्षर पढ्न लगाउने ।
- अक्षर तथा शब्दपत्तीको खातबाट कुनै खास अक्षर र शब्द छान्न लगाउने ।
- शब्द र चित्रको जोडा मिलाउन लगाउने ।
- शब्द र वाक्य पढ्न लगाउने ।
- पाठभित्र वा बाहिरका कविता र उपयुक्त अनुच्छेद छनोट गरी गति, यति र लय सस्वरवाचन गर्न लगाएर सुन्ने ।
- पाठ्यपुस्तकभित्र वा बाहिरका पाठ्यसामग्री पढ्न लगाएर बोध प्रश्न सोध्ने ।

लेखाइ

लेखाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- विभिन्न आकार (घेरा, धर्का आदि) र चित्र कोर्न लगाएर जाँच्ने ।
- अक्षर, शब्द र वाक्य लेख्न लगाएर जाँच्ने ।
- अनुलेखन गराएर जाँच्ने ।
- शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर जाँच्ने ।
- अनुच्छेद लेख्न लगाएर जाँच्ने ।
- कुनै विषयवस्तु र अनुभव गरेका कुरा वर्णन गर्न लगाएर जाँच्ने ।
- स्वतन्त्ररूपमा कथा, कविता, प्रबन्ध लेख्न लगाएर जाँच्ने ।
- चिठी र निवेदन लेख्न लगाएर जाँच्ने ।
- विद्यार्थीले तयार गरेका रचना र भित्तेपात्रो आदि जाँच्ने ।
- अरूले लेखेका सामग्री सम्पादन गर्न लगाउने ।

साधारण व्याकरण र शब्दभण्डार

कक्षाअनुसारको बोलाइ र लेखाइका क्रियाकलापका आधारमा व्यवहार परिवर्तनको अवलोकन गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिर्जनात्मक कला

(कक्षा १-५)

१. परिचय

बालबालिकाभित्र असङ्ख्य सम्भावनाहरू लुकेर रहेका हुन्छन् । तिनलाई उजागर गरी उनीहरूभित्र रहेको क्षमतालाई प्रष्फुटन गराउनका लागि सिर्जनात्मक कलाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सिर्जनात्मक कला विषयले बालबालिकाहरूमा अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई दृश्यकला र सङ्गीतकलाका माध्यमले अभिव्यक्त गर्न सघाउँछ किनभने यस विषयको माध्यमबाट बालबालिकाहरूले आफ्ना अनुभूति, अनुभव र सिर्जनालाई स्वतन्त्र र मौलिक रूपमा अभिव्यक्त गर्न सहयोग पुग्छ । त्यसैले गुरुकुल शिक्षा प्रणालीका लागि विकास गरिएको यस पाठ्यक्रममा पनि सिर्जनात्मक कला विषय पनि समावेश गरिएको हो ।

सिर्जनात्मक कलाअन्तर्गत दृश्यकला (चित्रकला र हस्तकला) र सङ्गीत पर्दछ । सङ्गीतअन्तर्गत पनि गायन, वादन र नृत्य पर्दछ । सबैले सजिलै बुझ्ने र सबैलाई बुझाउन सकिने माध्यम दृश्यकला भएकाले यसलाई अन्तरराष्ट्रिय भाषा पनि भनिन्छ । दृश्यकला अभिव्यक्तिको सशक्त माध्यम हो । त्यस्तै सङ्गीतबीच गहिरो सम्बन्ध रहेको हुन्छ । बालमनोविज्ञानअनुसार बालबालिकाहरू स्वभावैले नाच्न, खेल्न, गाउन रुचाउने भएकाले पनि यो विषय प्राथमिक तहमा अनिवार्य विषयका रूपमा रहेको छ । गुरुकुल शिक्षा परम्पराका आफ्नै प्रकारका कला, सौन्दर्य र संस्कृति समेत रहेकाले तिनको जगेर्ना गर्दै बालबालिकामा गुरुकुल शिक्षा परम्परा अनुकूल सिर्जनात्मक कलाको विकास गराउन यो पाठ्यक्रम विकास गरिएको हो । सानै उमेरदेखि बालबालिकामा आफ्नो कला र संस्कृतिप्रति अभिरुचि हुन गई त्यसको संवर्धन र प्रवर्धनमा सहयोग पुग्ने अपेक्षा यस पाठ्यक्रमले गरेको छ ।

२. साधारण उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. सिसाकलम तथा इरेजरको प्रयोग गरी आफ्नो क्षमताअनुसार विभिन्न बुट्टा, आकार तथा आकृतिहरू कोर्न र तिनमा आवश्यक रङ भर्न,

२. आफूलाई मनपर्ने आकृति, चित्र आदि स्वतन्त्र रूपले बनाउन,

३. आफ्नो स्थानीय समुदायमा पूजिने देवदवीहरूको चित्रमा कोरी रङ लगाउन,

४. विभिन्न प्रकारका रङको प्रयोग गर्न,

५. विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग गर्न,

६. स्थानीय क्षेत्रमा उपलबध सामग्रीबाट रङ बनाई प्रयोग गर्न,

७. विभिन्न वस्तुबाट बुट्टा, आकृति बनाई छपाइ गर्न,

८. विभिन्न कागज, पात, वस्तु आदि काटेर, च्यातेर तथा टाँसेर आफूलाई मनपर्ने आकृति निर्माण गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. माटोको प्रयोग गरी विभिन्न फलफूल, चरा, जनावरलगायतका वस्तुका नमुना निर्माण गर्न,

१०. कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण गर्न तथा सजावटका लागि विभिन्न बुट्टाको निर्माण गर्न,

११. स्थानीय बालगीत, धार्मिक गीतहरू उपयुक्त लय तालमा एकल तथा समूहमा गाउन,

१२. विभिन्न धार्मिक वाद्यवादन तथा स्थानीय बाजाहरू एकल तथा समूहमा बजाउने अभ्यास गर्न,

१३. विभिन्न धार्मिक तथा स्थानीय एकल तथा समूह नृत्यको अभ्यास गर्न ।

३. विशिष्ट उद्देश्य

कक्षा – १

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा १ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. विभिन्न किरमिरे चित्राङ्कन गर्न,

२. विभिन्न प्रकारका आकारहरू कोर्न,

३. विभिन्न रङहरू चित्रमा प्रयोग गर्न,

४. हातका औँला, मुद्रा आदिबाट छपाइ गर्न,

५. विभिन्न कागज, पात आदिको प्रयोग गरी आकृति निर्माण गर्न,

६. माटो प्रयोग गरी विभिन्न आकृति निर्माण गर्न,

७. कागजको प्रयोग गरी विभिन्न आकृति निर्माण गर्न,

८. स्थानीय बालगीत गाउन,

९. विभिन्न धार्मिक बाजाको नाम बताउन र तिनलाई उपयुक्त ढङ्गले चलाउने अभ्यास गर्न,

१०. विभिन्न धार्मिक नृत्यको अनुकरणको अभ्यास गर्न ।

कक्षा – २

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा २ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. आफूलाई मनपरेका वस्तुहरूको रेखाङ्कन गर्न,

२. विभिन्न देवदेवीहरूको चित्र कोर्ने अभ्यास गर्न,

३. स्थानीय क्षेत्रमा उपलब्ध रङको प्रयोग गर्न,

४. विभिन्न रङ्हरूको प्रयोग गर्न,

५. विभिन्न वस्तुबाट बुट्टा तथा आकृति काटी छपाइ गर्न,

६. विभिन्न कागज, पात आदि च्यातेर, टाँसेर मनपर्ने आकृति निर्माण गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. माटो प्रयोग गरी विभिन्न फूल बुट्टाका आकृति निर्माण गर्न,

८. कागजबाट विभिन्न फूल बुट्टाका आकृति निर्माण गर्न,

९. विभिन्न सरल धार्मिक गीत/भजनहरू गाउने अभ्यास गर्न,

१०. विभिन्न धार्मिक लय, तालका साथ बाजाहरू बजाउने अभ्यास गर्न,

११. विभिन्न धार्मिक नृत्यको अभ्यास तथा अभिनय गर्न ।

कक्षा – ३

गुरुकुल शिक्षाका माध्यमबाट प्रायमिक तह कक्षा ३ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. विभिन्न वस्तुहरूबाट रेखाङ्कन तथा चित्र कोर्ने अभ्यास गर्न,

२. आफ्ना समुदायका इष्टदेवका आकृति निर्माण गर्न,

३. विभिन्न प्रकारको रङको प्रयोग गर्न,

४. विभिन्न चित्र, वस्तुहरूमा उचित रङको प्रयोग गर्न,

५. विभिन्न वस्तुबाट विभिन्न प्रकारका आकृति छपाइ गर्न,

६. विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति निर्माण गर्न,

७. माटो प्रयोग गरी विभिन्न प्रकारका फलफूल तथा साधारण बुट्टा निर्माण गर्न,

८. कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण गर्न,

९. विभिन्न धार्मिक गीतहरू उपयुक्त लय हाली गायन गर्न,

१०. धार्मिक गीतहरूका साथ बाजाहरू बजाउने अभ्यास गर्न,

११. विभिन्न धार्मिक नृत्यहरूको एकल तथा सामूहिक अभ्यास गर्न ।

कक्षा – ४

गुरुकुल शिक्षाका माध्यमबाट प्रायमिक तह कक्षा ४ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. विभिन्न ज्यामितीय आकारहरूको निर्माण गर्न,

२. विभिन्न धार्मिक वस्तुहरूको आकृति निर्माणको अभ्यास गर्न,

३. स्थानीय मठ तथा मन्दिरहरूको चित्राङ्कन गर्न,

४. पानी रङलगायत विभिन्न रङको प्रयोग गर्न,

५. विभिन्न चित्र वस्तुहरूमा उचित रङको प्रयोग गर्न,

६. पिठो तथा माटोबाट विभिन्न आकृति छपाइ गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. विभिन्न कागज, पात आदि काटेर, च्यातेर तथा टाँसेर मनपर्ने आकृति निर्माण गर्न,

८. माटो प्रयोग गरी फलफूल, चरा, जनावर आदिका आकृति निर्माण गर्न,

९. कागजबाट विभिन्न वस्तुका नमुना निर्माण गर्न,

१०. पट्याएको कागजबाट कैंचीले काटी सजावटका बुट्टा तयारी गर्न,

११. विभिन्न धार्मिक मन्त्र एवम् गीतहरू उपयुक्त लय तालमा एकल र समूहमा गायन गर्न,

१२. विभिन्न धार्मिक बाजाहरू एकल तथा समूहमा बजाउने अभ्यास गर्न,

१३. विभिन्न धार्मिक नृत्यहरू एकल तथा समूहमा नृत्यको अभ्यास गर्न ।

कक्षा – ५

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. स्थानीय वस्तु तथा जनावरहरूको चित्राङ्कन गर्न,

२. विभिन्न धार्मिक वस्तुहरू तथा इष्ट देवदेवीहरूको चित्राङ्कन अभ्यास गर्न,

३. विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग गर्न,

४. स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीबाट रङ बनाई प्रयोग गर्न,

५. आलु, मुला, फर्सी आदिको सतहमा बुट्टा कटाइ तथा छपाइं गर्न,

६. पातहरूबाट छपाइ गर्न र काठको ब्लकबाट विभिन्न रङको झन्डा पताका छाप्न,

७. विभिन्न किसिमका कागजलाई काटेर, च्यातेर तथा टाँसी आकृतिको तयारी वा संयोजन गर्न,

८. गेडागुडी, रङ्गीन ढुङ्गा, चुराका टुक्रा आदि प्रयोग गरी आकृति निर्माण गर्न,

९. माटोबाट विभिन्न फलफूल, चरा, जनावरलगायतका मनपर्ने वस्तुका नमुना निर्माण गर्न,

१०. कागजबाट विभिन्न वस्तुका नमुना निर्माण गर्न,

११. सजावटका लागि विभिन्न बुट्टाको निर्माण गर्न,

१२. विभिन्न धार्मिक तथा स्थानीय गीतहरू लय तथा तालमा एकल तथा समूहमा गायन गर्न,

१३. विभिन्न धार्मिक तथा स्थानीय बाजाहरू एक तथा समूहमा बजाउने अभ्यास गर्न,

१४. विभिन्न धार्मिक तथा स्थानीय नृत्यको अभ्यास गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१. रेखा चित्र	- विभिन्न वस्तुहरूको किरमिरे चित्राङ्कन - विभिन्न आकारको निर्माण	- मन परेका वस्तुहरूको रेखाङ्कन - विभिन्न वस्तुहरूको चित्र कोर्ने अभ्यास	- विभिन्न वस्तुहरूबाट रेखाङ्कन तथा चित्र कोर्ने अभ्यास - आफ्ना वरपरका मठ तथा मन्दिरको आकृति निर्माण	- विभिन्न ज्यामितीय आकारहरूको निर्माण - विभिन्न धार्मिक वस्तुहरूको आकृति निर्माण अभ्यास - स्थानीय वस्तु/ जनावरहरूको चित्राङ्कन	- स्थानीय वस्तु तथा जनावरहरूको चित्राङ्कन - विभिन्न धार्मिक वस्तुहरूको चित्राङ्कन अभ्यास - इष्ट देवदेवीहरूको चित्राङ्कन
२. रङ	- विभिन्न रङको चित्रमा प्रयोग	- स्थानीय क्षेत्रमा उपलब्ध रङको प्रयोग - पञ्च रङको प्रयोग	- विभिन्न प्रकारको रङको प्रयोग - विभिन्न चित्र, वस्तुहरूमा उचित रङको प्रयोग	- पानी रङलगायत विभिन्न रङको प्रयोग - विभिन्न चित्र वस्तुहरूमा उचित रङको प्रयोग	- विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग - स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीबाट रङ बनाई प्रयोग
३. छपाइ कार्य	- हातका औँला, मुद्रा आदिबाट छपाइ	- विभिन्न वस्तुबाट बुट्टा वा आकृति काटी छपाइ	- विभिन्न वस्तुबाट विभिन्न प्रकारका आकृति छपाइ	- पिठो तथा माटोबाट विभिन्न आकृति छपाइ	- आलु, मुला, फर्सी आदिको सतहमा बुट्टा कटाइ तथा छपाइ - पातहरूबाट छपाइ
४. कोलाज	- विभिन्न कागज, पात आदिको प्रयोग गरी आकृति निर्माण	- विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति निर्माण	- विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति निर्माण	- विभिन्न कागज, पात आदि काटेर, च्यातेर तथा टाँसेर मनपर्ने आकृति निर्माण	- विभिन्न किसिमका कागजलाई काटेर, च्यातेर तथा टाँसी आकृतिको तयारी वा संयोजन - गेडागुडी, रङ्गीन ढुङ्गा, चुराका टुक्रा आदि प्रयोग गरी आकृति निर्माण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
५. माटोको काम	- माटो प्रयोग गरी विभिन्न आकृति निर्माण	- माटो प्रयोग गरी विभिन्न फूल बुट्टाका आकृति निर्माण	- माटो प्रयोग गरी विभिन्न प्रकारका फलफूल तथा साधारण बुट्टा निर्माण	- माटो प्रयोग गरी फलफूल, °चरा, जनावर आदिका आकृति निर्माण	- माटोबाट विभिन्न फलफूल, चरा, जनावरलगायतका मनपर्ने वस्तुका नमुना निर्माण
६. कागजको काम	- कागजको प्रयोग गरी विभिन्न आकृति निर्माण	- कागजबाट विभिन्न फूल बुट्टाका आकृति निर्माण	- कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण	- कागजबाट विभिन्न वस्तुका नमुना निर्माण - पट्याएको कागजबाट कैंचीले काटी सजावटका बुट्टा तयारी	- कागजबाट विभिन्न वस्तुका नमुना निर्माण जस्तै : डालो, फूल, बल, चरा, जनावर आदि - सजावटका लागि विभिन्न बुट्टाको निर्माण
७. सङ्गीत (क) गायन र वादन	- स्थानीय गीत वालवोलीमा गायन - विभिन्न धार्मिक वाजाको नाम - विभिन्न धार्मिक बाजा चलाउने अभ्यास	- विभिन्न सरल धार्मिक गीत वा भजनहरूको गायन - विभिन्न धार्मिक बाजाहरू बजाउने अभ्यास	- विभिन्न धार्मिक गीतवा भजनहरू उपयुक्त लय हाली गायन - धार्मिक गीत वा भजनहरूका लागि बाजाहरू बजाउने अभ्यास	- विभिन्न धार्मिक गीतवा भजनहरू उपयुक्त लय तालमा एक र समूहमा गायन - विभिन्न धार्मिक बाजाहरू एक तथा समूहमा बजाउने अभ्यास	- विभिन्न धार्मिक तथा स्थानीय गीत वा भजनहरू लय तथा तालमा एकल तथा समूहमा गायन - विभिन्न धार्मिक तथा स्थानीय बाजाहरू एक तथा समूहमा बजाउने अभ्यास
(ख) नृत्य तथा अभिनय	- विभिन्न धार्मिक नृत्यको अनुकरण	- विभिन्न धार्मिक नृत्यको अभ्यास तथा अभिनय	- विभिन्न धार्मिक नृत्यहरूको एकल तथा सामूहिक अभ्यास	- विभिन्न धार्मिक नृत्यहरू एकल तथा समूहमा नृत्यको अभ्यास	- विभिन्न धार्मिक तथा स्थानीय नृत्यको अभ्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. स्थानीय पाठ्यक्रम

सिर्जनात्मक कला विषयमा स्थानीय क्षेत्रका केही विषयवस्तुहरू समावेश गरी पठनपाठन गराउने व्यवस्था भएअनुरूप यस विषयको पाठ्यक्रममा स्थानीय क्षेत्रका विषयहरू (जस्तै : रेखाङ्कन र त्यसको प्रयोग, स्थानीय रङ र छपाइ कार्य, बुनाइ, निर्माण, स्थानीय लोकगीत वा भजन, नृत्य, नाटक, वाजा आदि) लाई समेटेर पठनपाठन गराउन २० प्रतिशत पाठ्यांश छुट्याइएको छ । यसका लागि पूर्वीय कला, पूर्वीय सङ्गीत, नृत्य तथा हिन्दु धर्म अनुकूलका सिर्जनात्मक कला विषय क्षेत्रका पाठ्यविषय छनोट गरी आवश्यकतानुसार स्थानीय तहमा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्ने छ ।

६. शिक्षणसिकाइ क्रियाकलाप

सिर्जनात्मक कलाप्रतिको रुचि र सीपको सम्बन्ध बालबालिकाको संवेगसित रहन्छ । सबै बालबालिकामा चित्राङ्कनप्रति रुचि र क्षमता समान मात्रामा रहँदैन । प्रत्येक विद्यार्थीको वैयक्तिक विभिन्नतालाई दृष्टिगत उनीहरूको सिर्जनात्मक क्षमता प्रष्फुटनमा सहयोग पुग्ने गरी अध्यापन गर्नुपर्छ । उदाहरणका लागि दस जना विद्यार्थीलाई गुरुकुलसम्बन्धी कुनै स्थल वा परिवेश चित्र बनाउन लगाइयो भने दसजनाले दस किसिमका चित्र बनाउने छन् । कसैले निकै राम्रो बनाउलान्, कसैले ठीकै बनाउलान् र कसैले नराम्रो पनि बनाउलान् तर त्यो मौलिक सिर्जना एवम् अभिव्यक्ति हो । शिक्षकले बालबालिकामा निहित यिनै मौलिक चिन्तन र सिर्जना गर्ने प्रवृत्तिलाई उत्प्रेरित दिनुपर्छ । उनीहरूलाई मौलिक सिर्जना गर्नेतर्फ सधैं हौसला दिइरहनुपर्छ । बालकलाको सुन्दरता एवम् महत्त्व पनि यसैमा रहेको हुन्छ ।

सिर्जनात्मक कला विषयको शिक्षणमा निम्नलिखित बुँदाहरूमा ध्यान दिनुपर्छ :

१. साधारण रेखाहरूबाट विभिन्न सरल आकृतिहरू बनाउने तरिका देखाएर बालबालिकाहरूलाई उत्प्रेरित गर्दै उनीहरू भित्र लुकेर रहेको क्षमता उजागर गर्नुपर्छ ।

२. दृश्यकला विषयको अध्यापन गर्दा माध्यममा कुनै नियन्त्रण हुनुहुँदैन । सकेसम्म विविध सामग्रीहरूद्वारा बालबालिकाहरूलाई चित्र लेख्न उत्प्रेरित गर्नुपर्छ ।

३. बालबालिकाहरूलाई जटिल विषयको चित्र बनाउन नलगाई क्रमश: सरलबाट जटिल विषयसम्बन्धी चित्र देखाएर कार्य गराउनुपर्छ ।

४. दृश्यकलाको शिक्षण गर्दा बालबालिकाले बुझ्न सक्ने सरल तरिकाहरू सिकाउनुपर्छ । जस्तै : गोलोभित्र मानिसको मुख लेख्ने, गोलो तीनकुने, चारपाटे, लाम्चोबाट घर लेख्ने आदि ।

५. विभिन्न पुस्तक र पत्रपत्रिकामा प्रकाशित रेखाचित्रहरू सङ्कलन गरी अथवा शिक्षक स्वयम्ले साधारण रेखाचित्रहरू कोरी विद्यार्थीहरूलाई तिनमा रङ भर्न लगाउन सकिन्छ ।

६. विद्यार्थीहरूले बनाएका चित्रमाथि शिक्षकले रेखाचित्रहरू सङ्कलन गरी अथवा शिक्षक स्वयम्ले साधारण रेखाचित्रहरू कोरी विद्यार्थीहरूलाई तिनमा रङ भर्न लगाउन सकिन्छ ।

७. विद्यार्थीहरूले बनाएका चित्रमाथि शिक्षकले सुधार गरिदिनुहुन्न । यसो गर्नाले उनीहरू हतोत्साही हुने र उनीहरूको आत्मविश्वासमा समेत आघात पर्न जाने हुन्छ । तसर्थ शिक्षकले उनीहरूलाई सुधारका लागि निर्देशन दिंदा कालोपाटीमा अथवा अर्को कागजमा लेखेर देखाउनुपर्छ ।

८. चित्र लेखाउँदा स्केल (रुलर) आदिको प्रयोग बिलकुलै गर्न लगाउनुहुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. शिक्षकले तोकिदिएको विषयवस्तुको मात्र चित्र बनाउन नलगाई कहिलेकाहीं बालबालिकाहरूलाई काल्पनिक चित्र पनि बनाउन लगाउनुपर्छ । यसले उनीहरूलाई मौलिक एवम् सिर्जनाशील बन्नमा मदत पुऱ्याउँछ ।

१०. चित्रकलाको सम्बन्ध बालबालिकाको संवेगसित रहने हुनाले शिक्षकले आफ्ना प्रत्येक विद्यार्थीको मनोविज्ञानलाई बुझ्ने प्रयत्न गरिरहनुपर्छ ।

७. मूल्याङ्कन प्रक्रिया

गुरुकुल शिक्षाका आफ्नै खालका मौलिक प्रकारका मूल्याङ्कन. प्रक्रिया हुन सक्छन् तापनि यस विषयमा गरिने सम्पूर्ण कार्यहरू सीप, ज्ञान तथा क्रियाकलापसँग सम्बन्धित हुने भएकाले यसको मूल्याङ्कन पनि यस विषयको प्रकृति र स्वरूपअनुसार गर्नुपर्छ । जस्तै : विद्यार्थीहरूलाई कुनै चित्र वा नृत्य गर्न दिइएको छ भने सोको मूल्याङ्कन प्रक्रियालाई पनि शिक्षणसिकाइ क्रियाकलापकै एक अभिन्न अङ्गका रूपमा सँगसँगै लिएर जानुपर्ने हुन्छ । यो विषय पूर्णरूपले प्रयोगात्मक विषय भएकाले यसको मूल्याङ्कन गर्दा प्रयोगात्मक कार्यकै आधारमा गर्नुपर्छ । यस्तो प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा सबैलाई हौसला दिने मूल्याङ्कन गर्दा विद्यार्थीहरूको कार्यलाई प्रशंसा गर्ने तथा विद्यार्थीविद्यार्थीबीचको कार्यहरूको तुलना कहिल्यै पनि गर्न हुँदैन । सकेसम्म उनीहरूको कार्यको प्रशंसा गर्नुका साथै उनीहरूमा स्वतन्त्र रूपले चित्र निर्माण, आत्मविश्वास, मौलिक सोचाइ, सौन्दर्यप्रति आस्था तथा खोजी गर्ने बानीको विकास हुने क्रियाकलाप गरी सबैलाई हौसलात्मक कुरा गर्ने तथा सिर्जनात्मक कार्यहरूमा उत्प्रेरित गर्नुपर्दछ । यस विषयका उद्देश्यअनुसार आवश्यकताबमोजिम प्रयोगात्मकबाहेकका अरू खालका मूल्याङ्कन विधि पनि अपनाउन सकिने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत व्याकरण

(कक्षा ४ र ५)

१. परिचय

संसारभर उपलब्ध ज्ञानविज्ञानका मुख्य ग्रन्थहरूमध्ये सर्वप्राचीन ग्रन्थ वेदको अध्ययन र अनुसन्धानमा व्याकरणको महत्त्वपूर्ण स्थान छ । व्याकरणलाई वेदका छ अङ्गमध्ये मुखका रूपमा मानिएको छ । संस्कृत व्याकरणका नियमहरूको निर्धारण पाणिनिभन्दा अघि महेश्वर, बृहस्पति, इन्द्र, आपिशलि, पौस्करशादि, काशकृत्स्नजस्ता विद्वान्हरूले गरेको भए पनि संस्कृत व्याकरणलाई पूर्ण व्यवस्थित गर्ने काम पाणिनिबाट हुनाले हालसम्म पनि संस्कृतको व्याकरण भन्नेवित्तिकै पाणिनिको व्याकरण बुझिन्छ ।

महेश्वरदेखि पाणिनिसम्मको व्याकरणपरक ग्रन्थ परम्परालाई सारस्वतभाष्यमा यथाक्रम वर्णन गरिएको छ । यसमा 'महेश्वरको व्याकरण समुद्रजस्तै छ, त्यसमा आधा बृहस्पतिले उद्धरण गर्नुभएको छ, त्यसको केही भागमात्र पुरन्दर (इन्द्र) ले लिनुभएको छ भने कुशको टुप्पोमा रहेको पानीको थोपाजत्तिकै पाणिनिले लिनुभएको छ' भनिएको छ । प्राचीन शास्त्रहरूले यति सानो पाणिनीय व्याकरणलाई पनि आज विश्वभरका व्याकरण शास्त्रहरूमध्ये सर्वाङ्गपूर्ण, सूत्रात्मक तथा वैज्ञानिक व्याकरण मानिन्छ । साथै सुसाङ्ख्य विज्ञान (कम्प्युटर विज्ञान) लाई पनि अति उपयोगी भाषा भएकाले यो भाषा एवम् व्याकरण विद्यालय शिक्षाका लागि अपरिहार्य बनेको हो ।

पाणिनीय व्याकरणमा लौकिक तथा वैदिक संस्कृतका नियमहरू पाइन्छन् । यही परम्पराअनुसार विद्यालयीय पाठ्यक्रममा पाणिनीय व्याकरणलाई समावेश गरिएको छ । प्राथमिक तहमा यस व्याकरणलाई शास्त्रीय ढाँचामा प्रस्तुत गर्नुभन्दा पनि यसलाई सरल एवम् व्यावहारिक प्रयोगका आधारमा विषयवस्तुलाई छनोट गरी प्रस्तुत गरिएको हो । यसको मुख्य ध्येय भनेकै व्याकरण शास्त्रको उच्च शिक्षा हासिल गर्नका लागि पूर्वाधार तयार पार्नु हो ।

२. साधारण उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. स्वरवर्ण र व्यञ्जनवर्णको ज्ञान एवम् उच्चारण गर्न,
२. माहेश्वर सूत्रको उच्चारण र लेखन गर्न,
३. सामान्य प्रत्याहारमा पर्ने वर्ण बताउन,
४. स्वरवर्ण र व्यञ्जनवर्णको स्थान, प्रयत्न एवम् संज्ञा बताउन,
५. प्रत्याहार निर्माण र अकारादिवर्णको उदात्तादि भेद बताउन,
६. संस्कृत भाषाका साधारण सन्धि प्रक्रिया बताउन,
७. संस्कृत भाषाका सन्धि भएका साधारण शब्दहरूको सन्धिविच्छेद प्रक्रिया बताउन,
८. व्याकरण विषयको अध्ययनका लागि पूर्वाधार तयार गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. विशिष्ट उद्देश्य (कक्षा – ४)

गुरुकुल शिक्षाका माध्यमबाट कक्षा ४ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. व्यञ्जनवर्ण र स्वरवर्ण छुट्याएर लेख्न,

२. व्यञ्जनवर्णमा कुनै पनि स्वरवर्ण मिलेपछि हुने अक्षरको स्वरूप बताउन,

३. माहेश्वर सूत्रको प्रस्ट वाचन गर्न र प्रत्याहारगत वर्ण बताउन,

४. स्वरवर्ण र व्यञ्जन वर्णको उच्चारण स्थान, संज्ञा, आभ्यन्तर-बाह्यप्रयत्न बताउन,

५. सामान्य सूत्रार्थ बताउन,

६. सामान्य सन्धि (अच् सन्धिका स्वरूप-यण्-सन्धि) बताउन ।

४. विशिष्ट उद्देश्य (कक्षा – ५)

गुरुकुल शिक्षाका माध्यमबाट कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. प्रत्याहार निर्माण प्रक्रिया बताउन,

२. अकारादिवर्णको उदात्तादि भेद बताउन,

३. हल् सन्धिका स्वरूप-श्चुत्वादि सन्धि बताउन,

४. विसर्गसन्धिका स्वरूप-रूत्वादिसन्धि बताउन,

५. संस्कृत भाषामा प्रयुक्त सन्धि भएका साधारण शब्दहरूको सन्धि वा सन्धिविच्छेद प्रक्रिया बताउन,

६. संस्कृत भाषामा शब्दभण्डार बढाउन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा -४)

क्र.सं.	विधा	विषय क्षेत्र	शिक्षण विधि र क्रियाकलाप	शिक्षण सामग्री	पा.भा.	पू.
१.	वर्णज्ञान	स्वर र व्यञ्जनवर्णको उच्चारण, लेखन, व्यञ्जन वर्ण विभिन्न अच् वर्णसँग मिलाउँदा हुने रूप, स्वरवर्जित व्यञ्जनवर्णहरूको उच्चारण, लेखन अभ्यास	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - वर्णानुसार उच्चारण अक्षर लेखनको निर्देशन, अभ्यास, संशोधन, सुझाव	अक्षरपत्ती हलन्ताक्षरपत्ती, अच् अक्षरपत्ती इत्यादि । आधार ग्रन्थ (लघु सिद्धान्त कौमुदी)	२६	१०
२.	माहेश्वर सूत्र ज्ञान र स्थान ज्ञान	१४ माहेश्वरसूत्र ज्ञान, उच्चारण, लेखन, प्रत्याहार पहिचान उच्चारण एवम् लेखन । स्वर एवम् व्यञ्जन वर्णको उच्चारण, स्थान ज्ञान, अभ्यास लेखन ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - आदर्श उच्चारण लेखन, अभ्यास निर्देशन, सुझाव	अक्षरपत्ती ध्वनि अवयव देखिने चित्र लेखन अभ्यास कालोपाटी, चक, डस्टर इत्यादि ।	२६	१०
३.	प्रयत्नज्ञान संज्ञाज्ञान	वर्णहरूको आभ्यन्तर प्रयत्नज्ञान, बाह्य प्रयत्नज्ञान, पहिचान स्पर्शादिसंज्ञा ज्ञान पहिचान, उच्चारण लेखन ।	- आगमन, निरामन, प्रश्नोत्तर, व्याख्यान, छलफल - आदर्श उच्चारण लेखन, अभ्यास निर्देशन, सुझाव, अभ्यास	अक्षरपत्ती प्रयत्न तालिका कालोपाटी चक डस्टर आदि ।	२६	१०
४.	लुघुकौमुदीस्थ संज्ञाप्रकरणका सूत्रज्ञान	सूत्रहरूको आदर्श उच्चारण, सूत्रको अर्थज्ञान ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - सूत्र आदर्श उच्चारण, अर्थज्ञान लेखन अभ्यास	कालोपाटी, चक, डस्टर	२६	१०
५.	सन्धिज्ञान (सामान्य)	अच् सन्धिका विशेष सूत्रहरू : इको यणचि स्थानेऽन्तरतमः, अदेङ् गुणः आद्‌गुणः, वृद्धिरादैच्, वृद्धिरेचि, अकः सवर्णे दीर्घः, एङः पदान्तादति ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - सूत्रार्थ ज्ञान लेखन अभ्यास विभिन्न उदाहरण	सन्धि भएका शब्दसूची सन्धिरहित शब्दसूची लेखन अभ्यास	२६	१०
					१३०	५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा -५)

क्र.सं.	विधा	विषय क्षेत्र	शिक्षण विधि	शिक्षण सामग्री	पा.भा.	पू.
१	सूत्रसहित प्रत्याहार निर्माण	प्रत्याहार निर्माणका लागि आवश्यक सूत्र, अण् अक् इत्यादि प्रत्याहारको निर्माण	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - प्रत्याहार लेखन निर्देशन, सुझाव	शब्दपत्ती, कालोपापटी, चक, डस्टर तालिका	२६	१०
२	अकारादि वर्णको ह्रस्वदीर्घादि र उदात्तादि भेद सूत्रसहित	भेद प्रदर्शनका लागि आवश्यक सूत्र, अ, इ, उ, ऋ, ए, ओ ऐ, औ, लृ वर्णको भेद ज्ञान	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - लेखन अभ्यास निर्देशन, सुझाव	तालिका, कालोपाटी चक, डस्टर इत्यादि	२६	१०
३	सन्धिज्ञान (सामान्य)	हल् सन्धिका विशेष सूत्रहरू : स्तोः श्चुना श्चुः । ष्टुना ष्टुः । झलां जशोऽन्ते । यरोऽनुनासिकेऽनुनासिको वा । खरि च । झयो होऽन्यतरस्याम् । शश्छोटि । मोऽनुस्वारः । ङमो ह्रस्वादचि ङमुन्नित्यम् । आद्यन्तौ टकितौ ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - आदर्श सूत्रोच्चारण, अर्थज्ञान, लेखन, अभ्यास, विभिन्न उदाहरण	सन्धि भएका शब्दसूची सन्धि रहित शब्दसूची, कालोपाटी, चक, डस्टर इत्यादि	३९	१५
४	सन्धिज्ञान (सामान्य)	विसर्ग सन्धिका विशेष सूत्रहरू : विसर्जनीयस्य सः । ससजुषो रुः । अतो रोरप्लुतादप्लुते । हशि च । रो रि । ढ्रलोपे पूर्वस्यदीर्घोणः ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - आदर्श सूत्रोच्चारण, अर्थज्ञान, लेखन, अभ्यास, विभिन्न उदाहरण	सन्धि भएका शब्दसूची, सन्धिरहित शब्दसूची, कालोपाटी इत्यादि	२६	१०
५	सन्धिविशेष	लोपशाकल्यस्य पूर्वत्रासिद्धम् । भो-भगो -अघो -अपूर्वस्य योऽशि, हलि सर्वेषाम् ।	- आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल - आदर्श सूत्रोच्चारण, अर्थज्ञान, लेखन, अभ्यास, उदाहरण	सन्धि भएका शब्द सूची सन्धिरहित शब्दसूची कालोपाटी	१३	५
					१३०	५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. शिक्षणसिकाइ क्रियाकलाप

- अध्यापकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माण गरी सोअनुसार शिक्षण गर्नुपर्दछ ।
- शिक्षणको माध्यम भाषाका रूपमा संस्कृत वा नेपाली भाषा वा आवश्यकताअनुसार अन्य भाषाको प्रयोग गर्नुपर्ने छ । संस्कृत माध्यमले बुझाउँदा भाव स्पष्ट गर्न नसकिने भए मात्र नेपाली भाषा वा अन्य भाषालाई कहींकहीं प्रयोगमा ल्याउन सकिने छ ।
- शिक्षण गर्दा शिक्षकले खुरुखुरु नबताई विद्यार्थीहरूलाई प्रश्न गर्दै उनीहरूले दिएको उत्तरमा संशोधन गर्दै विषय प्रवेश गर्नुपर्दछ ।
- सन्धिको अध्यापन गर्दा विभिन्न उदाहरण दिई सन्धि गर्न लगाउनुपर्दछ र विद्यार्थी आफैंलाई सन्धिको नियम पत्ता लगाउन लगाउनुपर्दछ, सन्धिको निमय पत्ता लगाउन नसकेमा आफैंले बताइदिनुपर्दछ र सूत्र पनि अर्थसहित बताई अन्य उदाहरणहरू बताउन लगाउनुपर्दछ ।
- व्याकरण शिक्षणको मुख्य उद्देश्य भाषिक शुद्धता जस्ता महत्त्वपूर्ण अङ्गमा ध्यान दिई भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को सन्तुलित विकासमा जोड दिनुपर्दछ ।

८. मूल्याङ्कन प्रक्रिया

शिक्षण प्रक्रियाका साथसाथै विषयवस्तुको मूल्याङ्कन निरन्तर रूपमा गर्नुपर्ने हुन्छ । औपचारिक र अनौपचारिक दुवै रूपले शिक्षण उपलब्धिलाई मापन गर्दै जानुपर्छ । यस्तो मूल्याङ्कन अध्ययनकै क्रममा मौखिक रूपले र पाठ तथा एकाइको अन्तमा लिखित रूपमा लिनुपर्छ । मौखिक तथा लिखित परीक्षाका माध्यमले पाठ/एकाइ र प्रकरणगत रूपमा विद्यार्थीहरूको उपलब्धि मापन गर्नुपर्छ । मूल्याङ्कनका क्रममा प्रत्याहार, ध्वनि, वर्ण, स्थान, प्रयत्न, सन्धि जस्ता निर्धारित विषयवस्तुको सबै पक्षको मूल्याङ्कन गर्नुपर्ने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेद

(कक्षा ४ र ५)

१. परिचय

वेद विश्वको सर्वश्रेष्ठ ज्ञानभण्डार तथा पहिलो धर्मग्रन्थ हो । इच्छाएको असल वस्तु प्राप्त गराउने, नचाहेको अनिष्ट वस्तुको परिहार गराउने तथा प्रत्यक्षरूपमा सजिलै प्राप्त गर्न नसकिने अलौकिक तत्त्वको ज्ञान गराउने सशक्त माध्यम वेद हो ।

परब्रह्मद्वारा उपदेश गरिएको र त्यसलाई ऋषि-महर्षिहरूले कठिन तपोबलद्वारा आत्मसात् गरी शिष्य प्रशिष्य हुँदै गुरुमुख-उच्चारण-अनुच्चारणपूर्वक (गुरुले उच्चारण गरेअनुसार गर्ने काम) श्रुति (कर्ण) परम्पराले अध्यापनक्रमबाट संरक्षित वेद प्राचीनकालमा एउटै रहेको कुरा सर्वसम्मत मान्यता हो । कालान्तरमा धारणा शक्ति कमजोर हुँदै गएका मनुष्यको उपकारार्थ महर्षि कृष्णद्वैपायन वेदव्यासले पैल, वैशम्पाय, जैमिनि र सुमन्त नामका चार शिष्यलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद क्रमश: उपदेश गर्नुभयो। अपौरूषेय शास्त्र भनेर जानिने चारै वेद कालान्तरमा शिष्य प्रशिष्य हुँदै ११३१ शाखामा विभाजन हुन पुग्यो तर कलियुगको प्रभावले गर्दा आजभोलि यसका करिब ११ शाखामात्र प्रचलित छन् । वेदका कुल शाखामध्ये यजुर्वेदका १०१, ऋग्वेदका २१, सामवेदका १००० र अथर्ववेदका ९ शाखा पर्दछन् । चारवेदमध्ये यजुर्वेद पनि शुक्ल र कृष्ण गरी दुई भागमा विभक्त छ । दक्षिण भारतमा कृष्णयजुर्वेदको अध्ययन र अध्यापन हुन्छ भने उत्तर भारत र नेपालमा शुक्लयजुर्वेदको अध्ययन र अध्यापन प्रचुर मात्रामा देखिन्छ ।

नेपाली वेदाध्ययन परम्पराअनुसार पढिँदै आएको शुक्लयजुर्वेदको माध्यान्दिनीय शाखा हो । यस शाखामा ४० अध्याय, १९७५ मन्त्र एवम् ३०३ अनुवाक छन् । यजुर्वेदका मुख्य विषयमा यज्ञ कर्म उपासना र ज्ञान विज्ञानका कुरा पर्दछन् । प्रस्तुत पाठ्यक्रम नेपालमा प्रचलित शुक्लयजुर्वेद माध्यन्दिन वाजसनीय शाखाको आधारमा तयार गरिएको छ ।

शुक्लयजुर्वेद पूरै पाठ गर्न एकै दिनमा एक व्यक्तिबाट सम्भव नभएकाले वेदका मुख्यमुख्य मन्त्रहरूको सङ्ग्रह गरी रुद्राष्टाध्यायिकाका रूपमा प्रचलनमा आएको छ । केही नेपाली समाजमा ब्रतबन्ध संस्कारपछि अनिवार्य रूपमा रुद्री पढाइन्थ्यो । आज पनि धर्मकर्म गर्दा रुद्री पाठ गराउने चलन छ । भगवान् शिवलाई खुसी पार्न रुद्री पाठ गर्न सबैभन्दा सजिलो वैदिक यज्ञ हो । जो थोरै खर्च, जनशक्ति तथा कम समयमा सम्पन्न हुन्छ ।

रुद्री, पाठ- रुद्र, लघुरुद्री, महारुद्री र अतिरुद्रीका नामले प्रख्यात छन् । (भावनाअनुसारको कामना पूरा गर्न तथा मानसिक शान्ति प्राप्तिका लागि रुद्री सबैभन्दा उत्तम यज्ञ हो) । वैदिक परम्पराअनुसार रूद्राभिषेकले मानव दिनचर्यामा महत्त्वपूर्ण स्थान राख्छ । मानव शरीरको रचना वैदिक परम्पराअनुरूप भएको हो । रूद्राभिषेकले आत्मा शुद्ध एवम् सत्त्व गुण प्राप्त हुन्छ र सङ्कल्प शक्ति बढ्छ । साथै यसले ज्ञानशक्ति, विचारशक्ति, बुद्धि, श्रद्धा, मेधा, भक्ति तथा पवित्रतामा वृद्धि हुन्छ । व्यापार व्यवसाय, कला कौशल, शास्त्रानुसन्[illegible] सम्पादन उत्साहपूर्वक हुन्छ । यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम्पराअनुसार विद्यालयीय पाठ्यक्रममा शुक्लयजुर्वेदलाई समावेश गरिएको हो । प्राथमिक तहमा यस यसलाई शास्त्रीय ढाँचामा प्रस्तुत गर्नुभन्दा पनि यसलाई सरल एवम् व्यावहारिक प्रयोगका आधारमा विषयवस्तुलाई छनोट गरी प्रस्तुत गरिएको छ ।

२. साधारण उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. वैदिक भाषासँग परिचित हुन,
२. वैदिक परम्पराअनुसार हस्तचालनसहित शुक्लयजुर्वेदको रुद्रीसम्बद्ध मन्त्रहरू शुद्ध उच्चारण गर्न,
३. रुद्रीका मन्त्रलाई शुद्धसँग सस्वर पढ्न र लेख्न,
४. शतरुद्रीय पद्धतिको मर्म बुझ्न र प्रयोग गर्न,
५. रुद्रीका प्रकार बुझ्न र बताउन,
६. रुद्रीको आवृत्तिअनुसारको फलको महत्ता बुझ्न र बताउन,
७. शुक्लयजुर्वेदका शतरुद्रीय मन्त्रलाई परम्परागत रूपमा रक्षा गर्दै एकरूपसँग पाठ गर्ने,
८. वेदले निर्दिष्ट गरेको आचरण पालन गर्नुका साथै यसको परम्परालाई बचाउन तथा कण्ठस्थ बताउन,
९. शुक्लयजुर्वेदका शतरुद्रीय मन्त्र, वैदिकसूक्तको मर्म, कल्याणसूक्त पुरुषसूक्त, नारायणसूक्त, इन्द्रसूक्त, सूर्यसूक्त, रुद्रसूक्त, विश्वरूपवर्णन, शान्तिपाठ र स्वस्तिप्रार्थनाका साथै रुद्रका पञ्चमुख वर्णन सम्बद्ध मन्त्रहरू शुद्धसँग पढ्न ।

३. विशिष्ट उद्देश्य (कक्षा - ४)

गुरुकुल शिक्षाका माध्यमबाट कक्षा ४ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. शुक्लयजुर्वेदको माध्यान्दिनीय शाखाको रुद्री वैदिक परम्पराअनुसार सस्वर पाठ गर्न,
२. शतरुद्रीय मन्त्रहरू परम्पराअनुसार शुद्धसँग पाठ गर्न,
३. वैदिक मर्मसूक्त र कल्याणसूक्तसम्बन्धी मन्त्रहरू पढ्न,
४. पुरुषसूक्त र नारायणसूक्तसम्बन्धी मन्त्रहरू सस्वर पढ्न,
५. इन्द्रसूक्त र सूर्यसूक्तसम्बन्धी वैदिक मन्त्रहरू सस्वर पढ्न,
६. शतरुद्रीय परम्पराका षडङ्गन्याससम्बन्धी मन्त्रहरू बताउन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. विशिष्ट उद्देश्य (कक्षा - ५)

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. शुक्लयर्जुर्वेदको परंम्पराअनुसारको रुद्री सस्वर पाठ गर्न,

२. रुद्रसूक्तसम्बन्धी मन्त्रहरू सस्वर पाठ गर्न,

३. शतरुद्रीयसम्बन्धी मन्त्रहरू सस्वर पाठ गर्न,

४. शान्तिपाठ र बसोधारासम्बन्धी मन्त्रहरू सस्वर पाठ गर्न,

५. स्वस्ति प्रार्थना र रुद्रपञ्चमुखसम्बन्धी मन्त्रहरू पाठ गर्न,

६. शतरुद्रीयविधि र त्यसबाट प्राप्त हुने फलको महत्त्व बताउन ।

५. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा -४)

क्र.सं.	विषय क्षेत्र	पाठ्यवस्तु	शिक्षणसिकाइ क्रियाकलाप	शिक्षण सामग्री	पा.भा.	पूर्णाङ्क
१	वैदिक मर्मसूक्त	शु.य.वेद अध्याय २३ को १९ औं मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	१०	५
२	वैदिक मर्मसुक्त	शु.य.वेद अध्याय २३ को ३३ र ३४ औं मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	१०	५
३	कल्याणसूक्त	शु.यु.वेद अध्याय ३४ को १-६ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	२०	१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४	पुरुषसूक्त	शु.य.वेद अध्याय ३१ को १-१६ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	४०	२०
५	नारायणसूक्त	शु.य.वेद अध्याय ३१ को १७-२२ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	१५	१०
६	इन्द्रसूक्त	शु.य.वेद अध्याय १७ को ३३-४५ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	४०	२०
७	सूर्यसूक्त	शु.य.वेद अध्याय ३३ को ३७-४३ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	४०	२०
८	षडङ्गन्यासमन्त्र	विभिन्न अध्यायबाट सङ्ग्रहित १२ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	१५	१०
					१९०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा -५)

क्र.सं.	विषय क्षेत्र	पाठ्यवस्तु	शिक्षण विधि	शिक्षण सामग्री	पा.भा.	पूर्णाङ्क
१	रुद्रसूक्त शतरुद्रीयसम्बन्धी मन्त्रहरू	शु.य.वेद अध्याय १६ को १-१६ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	२०	१०
२	शतरुद्रीय मन्त्रसम्बन्धी विश्वरूप मन्त्रहरू	शु.य.वेद अध्याय १६ को १७-६६ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	६०	३०
३	शतरुद्रीय मन्त्रसम्बन्धी विश्वरूप मन्त्रहरू	शु.यु.वेद वेदको विभिन्न अध्यायबाट सङ्ग्रह गरेर १८ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	२०	१०
४	शतरुद्रीय पाठान्तमा शान्तिपाठसम्बन्धी मन्त्रहरू	शु.य.वेद अध्याय ३९ को ७-१३ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	३०	१५
५	शतरुद्रीय पाठान्तरमा गरिने वशुधारासम्बन्धी मन्त्रहरू	शु.य.वेद अध्याय १८ को १-२९ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	२५	१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६	शतरुद्रीय पाठान्तमा शान्तिपाठसम्बन्धी मन्त्र	शु.य.वेद अध्याय ३६ को १-२४मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	२५	१५
७	स्वस्तिप्रार्थनासम्बन्धी तथा रुद्रपञ्चमुखवर्णन	विभिन्न स्थानबाट सङ्ग्रहित १२ मन्त्र	पद्मासनमा वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराअनुरूप हस्तचालनपूर्वक सस्वर मन्त्रोच्चारण गर्न/गराउन	वेदको पुस्तक, कालोपाटी, चक, डस्टर	१०	५
					१९०	१००

७. शिक्षणसिकाइ क्रियाकलाप

१. शिक्षकले वार्षिक शिक्षण योजना अध्याय योजना, मन्त्रयोजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्छ ।

२. भोलिपल्ट पढाउने मन्त्रहरू अघिल्लो दिन नै शिक्षकले गुरुमुख परम्पराअनुसार पढेको प्रामाणिक र वैदिक परम्पराअनुसार हुने गरी तयार गर्नुपर्दछ ।

३. विद्यार्थीको स्तर, उमेर रुचि एवम् क्षमता बुझ्नु र तदनुरूप अध्यापन गर्नुपर्दछ ।

४. वेद विषयमा विद्यार्थीलाई आकर्षण गर्न वेदको महत्त्व सरल रूपमा बताई उत्प्रेरणा र कौतूहल जगाउनुपर्दछ ।

५. वेद पढाउने शिक्षक तथा विद्यार्थीहरूको आचरण आहारविहार र पोसाक शास्त्रसम्मत र एकै किसिमको हुनुपर्दछ ।

६. वेद विषय अध्यापन गर्दा बढीभन्दा बढी विद्यार्थीहरूलाई संलग्न गराई उच्चारणमा एकरूपता ल्याउनुपर्दछ ।

७. यो "श्रुति" सम्बद्ध विषय भएकाले गुरुको उच्चारणपछि मात्र छात्रले उच्चारण गर्ने र गराउनु , । आफैं (विनागुरु) पढ्न नहुने कुरालाई लागू गर्नुपर्दछ ।

८. यो विषय वैदिक परंम्पराअनुसार चल्दै आएकाले यसको रक्षा गर्न शिक्षक सर्वोपरी हुने र तदनुरूप विद्यार्थीले परम्परालाई कायम गर्ने हुँदा शिक्षक सचेत रहेको हुनुपर्दछ ।

९. शिक्षकले उदात्त, अनुदात्त र आठ प्रकारका स्वरितहरूलाई अत्यन्त महाव दिएर ठीक तरिकाले शुद्ध उच्चारणका साथ हस्तसञ्चालन गर्नु र गराउनुपर्दछ ।

१०. शिक्षकले ह्रस्व, दीर्घ, प्लुत अक्षरहरू, ह्रस्व र दीर्घ (गुं) तथा य, य, स, ष रेफ, रङ र द्वित्व अक्षरहरू गुरु मुखपरम्पराअनुसार अंगुली प्रदर्शन र उच्चारण गर्नु र गराउनुपर्दछ ।

११. शिक्षकले हरेक घन्टीमा आफ्नो दैनिक पाठ्यवस्तुका अतिरिक्त बीचबीचमा पढेका वेदका मन्त्रहरू कहाँ प्रयोग हुन्छन् ? भन्ने ज्ञान समेत दिँदा विद्यार्थीमा उत्सुकता जाग्ने हुन्छ । तसर्थ यस्तो तरिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपनाउनु सफल शिक्षणको द्योतक हुन जान्छ । सकेसम्म छोटकरीमा मन्त्र आशय बताउनु शिक्षक सजग सही तयार गरेका हुनुपर्दछ ।

१२. शिक्षकले वेदाध्ययन गराउदा विद्यार्थीहरूले हस्तसञ्चालन गर्न नजानेमा आफैंले हात समाएर सञ्चालन गराइदिनुपर्दछ ।

१३. हरेक कक्षामा विद्यार्थीहरूको पाठ हस्तसञ्चालनपूर्वक कण्ठस्थ सुन्ने गर्नुपर्दछ ।

८. मूल्याङ्कन प्रक्रिया

१. उद्देश्य प्राप्त गर्न सके नसकेको लेखाजोखा गर्नु मूल्याङ्कन हो ।

२. यसले ज्ञान, सीप र बौद्धिकताको मापन गर्नुपर्दछ ।

३. यसले वेदप्रतिपादित आचरणलाई विद्यार्थीले पालन गरे नगरेको मापन गर्नुपर्दछ ।

४ यसले गुरुको आज्ञालाई विद्यार्थीले पालग गरे नगरेको मापन गर्नुपर्दछ ।

५. यो वैदिक भाषा कठिन र जोडिएका शब्दहरूमा रहेकाले यसलाई सही ठम्याई उच्चारण गरे नगरेको मापन गर्नुपर्छ ।

६. यसले परिणामको सूचना दिनुपर्छ ।

७. यसले वैदिक यज्ञमा मन्त्रको सही प्रयोग गर्न सक्ने वा नसक्ने कुराको मापन गर्नुपर्छ ।

८. यसबाट विद्यार्थीले भविष्यमा वेदको संरक्षण गर्ने वा नगर्ने कुराको मापन गर्नुपर्छ ।

९. उद्देश्य, पाठ्यवस्तु र मूल्याङ्कनमा सामञ्जस्य भएको हुनुपर्छ ।

१०. वेद विश्वभरमै एकरूपतामा उच्चारण हुने हुँदा हस्तसञ्चालन गरी उच्चारणको एकरूपतामा ठीक भए नभएको मापन हुनुपर्छ ।

११. प्रश्नले समग्र पाठ्यवस्तु समेटेर मापन गर्नुपर्छ ।

१२. यसबाट विद्यार्थी त्यस कक्षामा पढ्न आउँदाको स्तर थाहा पाउनुपर्छ ।

१३. त्रैमासिक रूपमा मौखिक र लिखित परीक्षामा ठीक उच्चारण र शुद्ध लेख्न सक्ने हुनुपर्छ ।

१४ कक्षाको अन्त्यमा उद्देश्य परिपूर्ति भए नभएको मापन हुनुपर्छ ।

१५. शिक्षक तथा विद्यार्थीले आयोजना गर्ने अवलोकन (यज्ञसम्बन्धी) भ्रमणपश्चात् प्रश्नोत्तरमा सही उत्तर दिने हुनुपर्छ ।

१६. हस्त सञ्चालनका लागि अलग अलग मापन हुनुपर्छ ।

१७. वेद विषयमा मन्त्रोच्चारण र हस्तसञ्चालन पक्षलाई जाँच्न यी तरिका अपनाउनुपर्छ ।

(क) बहुवैकल्पिक प्रश्नबाट

(ख) मन्त्रको ह्रस्व, दीर्घ र प्लुतलगायत द्वित्व प्रतीकमन्त्र आदि ठीक छन् छैनन् भन्ने प्रश्न गरेर ।

(ग) लामा र छोटा मन्त्रहरू सोधेर

(घ) सस्वरवाचन गराएर

(ङ) उदात्त, अनुदात्त र स्वरित ठीक भए नभएको मापन गरेर ।

(च) कक्षागत परीक्षाको आयोजना गरेर ।

(छ) वेदको महत्व, आवश्यकता, अध्ययन विधिसम्बन्धी प्रश्न सोधेर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदाचार शिक्षा (नित्यकर्म)

(कक्षा ४ र ५)

१. परिचय

वैदिक सनातन हिन्दु संस्कृतिभित्र व्यक्तिलाई व्यवस्थित र मर्यादित ढङ्गले चलाउन नित्यकर्मका रूपमा प्रतिदिन सम्पादन गर्नुपर्ने संस्कारहरूको व्यवस्था गरिएको छ । वैदिक वाङ्मयद्वारा निर्दिष्ट कर्महरू नित्य, नैमित्तिक र काम्य गरेर तीन किसिमका हुन्छन् । यीमध्ये विद्यार्थी अवस्थामा बालबालिकालाई नित्यकर्म गर्न लगाउनु नितान्त आवश्यक हुन्छ भने नैमित्तिक र काम्य कर्मको ज्ञान पनि क्रमशः दिँदै जानुपर्दछ । हरेक व्यक्तिका प्रातः ब्रह्ममुहूर्तदेखि रात्रि शयनसम्मका दैनिन्दिनी हुन्छन् । तीमध्ये गर्नैपर्ने कर्तव्य भित्रै पर्ने शास्त्रनिर्दिष्ट कर्महरू जसमा हस्तदर्शन, स्नान, शौच, सन्ध्यावन्दन, भोजन, शयन विधि आदि महत्त्वपूर्ण छन् । यिनको नित्य अनुशरण गर्नाले व्यक्तिभित्र ईश्वर प्रेम, कर्तव्य बोध र इच्छाशक्ति पलाउँछ । संसारमा जन्म लिएपछि व्यक्तिले देव ऋण, ऋषि ऋण र पितृ ऋण चुकाउनुपर्ने शास्त्रीय मर्यादा छ । नित्यकर्मको परिपालनाबाट केही मात्रामा यी ऋण चुक्ता हुँदै जाने शास्त्रीय मान्यता छ । तसर्थ व्यक्तिलाई सद्आचरण युक्त कर्म र सुशील बनाउन नित्यकर्मको महत्त्वपूर्ण भूमिका रहन्छ । सानै उमेरदेखि बालबालिकामा आफ्नो धर्म, संस्कृति र मर्यादाप्रति अभिरुचि हुन गई त्यसको संवर्धन र प्रवर्धनमा सहयोग पुऱ्याउने अपेक्षाका साथै बाल्यावस्थादेखि नै आमा, बुबा, गुरु, अतिथि, अग्रज, अनुज, मित्र र शत्रुप्रति केकस्तो सम्बन्ध र व्यवहार कायम गर्नुपर्छ भनेर सिकाउनुपर्ने हुँदा संस्कृत वाङ्मयभित्र रहेका सद्व्यवहार र तीसम्बन्धी मन्त्र एवम् श्लोकको उच्चारण तथा अर्थ सिकाउन पनि नित्यकर्मको पाठ्यक्रम विकास गरिएको हो ।

२. साधारण उद्देश्य

गुरुकुल शिक्षाका माध्यमबाट प्रायमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. बिहान उठेपछि गर्नुपर्ने सामान्य वैदिक सदाचार गर्न,
२. प्रातःस्तुति, श्लोकहरू स्पष्ट उच्चारण गर्न,
३. शौच, स्नान, सन्ध्यावन्दनभोजनका विधिहरू बुझी प्रयोग गर्न,
४. स्तुतिपाठ तथा व्यवहार शिक्षणका वैदिक सदाचार बुझी व्यवहार गर्न,
५. पाञ्चायनपूजाको महत्त्व बुझी साधारण पूजनक्रम प्रस्तुत गर्न,
६. पूजाका उपचारहरू (प्रकार) बुझी प्रदर्शन गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. विशिष्ट उद्देश्य (कक्षा ४)

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ४ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. करदर्शन, विभिन्न मङ्गलवस्तु सम्बद्ध श्लोक उच्चारण गर्दै प्रयोग गर्न,

२. गणेश, शिव, विष्णु, देवी, सूर्य तथा नवग्रहका श्लोकहरू उच्चारण गर्न,

३. शौच र स्नानका भेदसहित विधि बुझी दैनिक शौच र स्नान गर्न,

४. सन्ध्यावन्दनभित्र पर्ने श्लोक तथा वैदिक मन्त्रहरू विनियोगसहित उच्चारण गर्न,

५. सन्ध्यावन्दन प्रयोग प्रदर्शन गर्न,

६. सरस्वतीवन्दना, दुर्गाकवच, अर्गला, कीलक र शिवमानसपूजास्तोत्र कण्ठस्थ बताउन ।

४. विशिष्ट उद्देश्य (कक्षा ५)

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. भोजनविधि बुझी विधिपूर्वक भोजनविधिको प्रदर्शन गर्न,

२. श्रीमद्भगवद् गीताको १५ औं अध्याय सस्वर वाचन गर्न,

३. शयन गर्नुपर्ने दिशा, त्यसको फल बताउन,

४. रात्रिसूक्तको पाठसहित शयनविधि बताउन,

५. पञ्चमहायज्ञ बुझी उल्लेख गर्न,

६. पाञ्चायनपूजा, पञ्चोपचार, मानसपूजा बुझी बताउन,

७. स्वस्तिवाचन र पुण्याहवाचनका मन्त्रहरू सस्वर उच्चारण गर्न,

८. सप्तशती चण्डीको तन्त्रोक्त रात्रिसूक्त र तन्त्रोक्त देवीसूक्त कण्ठस्थ बताउन,

९. वैदिक सदाचार विधिअनुरूप मातापिता, गुरु, अतिथि, अग्रज, अनुज, मित्र, आप्त, शत्रुप्रति गर्नुपर्ने व्यवहार बुझी व्यवहार गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा ४)

क्र.सं.	प्रकरणक्रम	विषय क्षेत्र	शिक्षण विधि र क्रियाकलाप	शिक्षण सामग्री	पा. भा.	पूर्णाङ्क
१	मङ्गलदर्शन	(क) हस्तदर्शन (ख) भूमिप्रार्थना (ग) मङ्गलवस्तुहरू	- प्रश्नोत्तर, व्याख्यान, छलफल १. श्लोकहरू शुद्धसँग उच्चारण गर्न लगाउने २. तत् तत् वस्तुप्रदर्शन गर्दै सिकाउने	कालोपाटी, शब्द पत्ती तस्विर, तत् तत् वस्तुहरू	१३	५
२	प्रात:स्तुति	(क) गणेशस्तुति (ख) देवीस्तुति (ग) सूर्यस्तुति (घ) विष्णुस्तुति (ङ) शिवस्तुति (च) नवग्रहस्तुति	- प्रश्नोत्तर, व्याख्यान, छलफल - पाँचओटै देवता तथा नवग्रहका तस्विर देखाउने र श्लोकसँग मिल्ने गरी अर्थ वताउँदै शुद्ध उच्चारण गराउने	तस्विरहरू	२६	१०
३	शौच	(क) शौच शब्दको अर्थ (ख) शौचको महत्त्व (ग) शौच विधि	- प्रश्नोत्तर, व्याख्यान, छलफल	खरानी, साबुन	१३	५
४	स्नान	(क) स्नानको महत्त्व (ख) स्नानको भेद (ग) स्नान गर्दा पढिने मन्त्रहरू तथा श्लोकहरू (घ) शिखानिष्पीडन	- प्रश्नोत्तर, व्याख्यान, छलफल - श्लोक तथा मन्त्रहरूको शुद्ध उच्चारण गराउने	तस्विर, शब्दपत्ती, वाक्यपत्ती	२६	१०
५	सन्ध्यावन्दन	(क) सङ्कल्प (ख) आसनशुद्धि (ग) भस्मधारण (घ) प्राणायाम (ङ) अघमर्षण (च) मार्जन (छ) अर्घदान (ज) सूर्योपस्थान (झ) गायत्री आवाहन प्रार्थना उपस्थान, मुद्रा प्रदर्शन, जपविधि, विसर्जन	- प्रश्नोत्तर, व्याख्यान, छलफल - तिथि, वार, नक्षत्र मिलाएर सङ्कल्प भन्न लगाउने शिक्षक स्वयम्ले उच्चारण गर्ने र त्यसपछि उच्चारण गराउने	तस्विर, शब्दपत्ती, वाक्यपत्ती	२६	१०
६	स्तुतिपाठ	सरस्वती वन्दना, दुर्गाकवच, अर्गला, कीलक, शिवमानस पूजा	- प्रश्नोत्तर, व्याख्यान, छलफल		२६	१०
					१३०	५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. विषयवस्तुको क्षेत्र र क्रम तालिका (कक्षा [illegible])

क्र.सं.	प्रकरणक्रम	विषयगत क्षेत्र	शिक्षण विधि र क्रियाकलाप	शिक्षण सामग्री	पा. घ.	पूर्णाङ्क
१	भोजनविधि	(क) जलसेचन (ख) पञ्चबलि, पञ्चप्राणाहुति (ग) देवऋषि स्मरण	- प्रश्नोत्तर, व्याख्यान, छलफल - शिक्षकले आदर्श उच्चारण गरेपछि विद्यार्थीलाई अनु उच्चारण गराउने	चित्र, शब्दपत्ती, वाक्यपत्ती	२६	१०
२	गीता पाठ	गीताको १५ औं अध्याय	- प्रश्नोत्तर, व्याख्यान, छलफल - पाँचओटै देवता तथा नवग्रहका तस्विर देखाउने र श्लोकसँग मिल्ने गरी अर्थ बताउँदै शुद्ध उच्चारण गराउने		२६	१०
३	शयनविधि	(क) शयनदिनज्ञान (ख) शयन दिशा अनुरूप फल (ग) रात्रिसूक्त सहितको शयनविधि	- प्रश्नोत्तर, व्याख्यान, छलफल - दिग् निर्देश र फल समेटिएको तालिकाद्वारा शिक्षण गराउने	तालिका	१३	५
४	पञ्चमहायज्ञ परिचय	(क) ऋषियज्ञ (ख) देवयज्ञ (ग) पितृयज्ञ (घ) मनुष्ययज्ञ (ङ) भूतयज्ञ	- प्रश्नोत्तर, व्याख्यान, छलफल - चित्र र व्यवहारका कार्यहरू बताई रुचि जगाउने		१३	५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५	पूजाविधि	(क) पञ्चायतन पूजाको परिचय (ख) पञ्चोपचार (ग) मानसपूजा	- प्रश्नोत्तर, व्याख्यान, छलफल - शिवलाई मध्यभागमा राखी वरिपरि अरू देवलाई राखिएको चित्र प्रस्तुत गरी शिक्षण गर्ने	- चित्र तालिका	१३	५
६	मङ्गलवाचन	(क) स्वस्तिवाचन (ख) पुण्याहवाचन	- प्रश्नोत्तर, व्याख्यान, छलफल - पद्मासन वा सुखासनमा बसेर गुरुमुखपूर्वक उच्चारण गराउने		६	२.५
७	स्तुतिपाठ	(क) सप्तशतीको तन्त्रोक्त रात्रिसूक्त (ख) सप्तशतीको तन्त्रोक्त देवीसूक्त	- प्रश्नोत्तर, व्याख्यान, छलफल		७	२.५
८	व्यवहार ज्ञान	(क) पिता, माता, गुरु, अतिथि, अग्रज, अनुज, आप्त, मित्र र शत्रुसँगको सम्बन्ध ज्ञान र व्यवहारज्ञान	- प्रश्नोत्तर, व्याख्यान, छलफल - श्लोकलाई गति यति र लय मिलाएर उच्चारण गराउने		२६	१०
					१३०	५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६ शिक्षणसिकाइ प्रक्रिया

गुरुकुल शिक्षाको आफ्नो मौलिक शिक्षण प्रक्रियाअनुसार यस विषयका विषयवस्तु अनुकूल हुनेगरी विभिन्न शिक्षण विधिका माध्यमबाट यस विषयका उद्देश्य प्राप्त गर्न सकिने छ । तापनि प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरू कलिलो उमेरका हुने भएकाले बालकेन्द्रित शिक्षण विधि अपनाई शिक्षण गर्नु उपयुक्त हुन्छ । विशेषत: "गरेर सिक" (learing by doing) को सिद्धान्तअनुसार हरेक क्रियाकलापमा विद्यार्थीको समूह बनाएर उनीहरूमा सामाजिक अध्ययनसम्बन्धी ज्ञान, सीप र अभिवृत्ति विकास गराउन जरुरी हुन्छ । शिक्षणसिकाइ क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सीप विकास गराउनुपर्दछ । शिक्षणसिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार विविध शिक्षण विधिहरू प्रयोगमा ल्याउन सकिन्छ । उदाहरणका लागि- (क) प्रश्नोत्तर, (ख) छलफल, (ग) योजना कार्य, (घ) स्थलगत भ्रमण, (ङ) समस्या समाधान, (च) खोज/ अनुसन्धान, (छ) धार्मिक प्रवचन र (ड) धार्मिक क्रियाकलाप आदि ।

७. विद्यार्थी मूल्याङ्कन

गुरुकुल शिक्षाको आफ्नै मौलिक शिक्षण प्रक्रियाअनुसार विद्यार्थीले प्राप्त गरेका ज्ञान, सीप, क्षमताको मूल्याङ्कन गर्न सकिन्छ । यस विषयमा विशेष गरेर यस विषयमा औपचारिक लिखित परीक्षालाई भन्दा पनि विद्यार्थीमा अपेक्षित व्यवहार परिवर्तन भए नभएको मूल्याङ्कन गर्न अवलोकनको समेत प्रयोग गर्नुपर्दछ । अपेक्षित उद्देश्य हासिल नभएसम्म शिक्षणसिकाइ प्रक्रियामा निरन्तरता दिइरहनुपर्दछ । निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको कठिनाइ पत्ता लगाउने र पत्ता लागिसकेपछि सुधारको कोसिस जारी राख्नुपर्दछ । विद्यार्थीका सिकाइ स्तरका बारेमा सबभन्दा बढी शिक्षकलाई जानकारी हुने हुँदा विद्यार्थीको सिकाइ स्तर हेरी निरन्तर रूपमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्नुपर्दछ ।

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन उनीहरूले गरेको कक्षाकार्य, धार्मिक अनुष्ठान कार्य, गृहकार्य, कक्षामा सहभागिता, व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी आदिका आधारमा गरेर अभिलेख समेत राख्नुपर्दछ । विद्यार्थीहरूको आवधिक रूपमां उपलब्धि परीक्षासमेत लिई दुवै प्रकारको मूल्याङ्कनको प्रतिवेदन तयार गरेर विद्यार्थीलाई जानकारी गराउनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीतिशास्त्र

(कक्षा ४-५)

१. **परिचय**

संस्कृत वाङ्मय नैतिक शिक्षाका दृष्टिले समृद्ध वाङ्मयका रूपमा देखापर्छ । यसमा मर्यादा, अनुशासन, सद्भावना, सहनशीलता, सच्चरित्रतासँग सम्बन्धित विविध विषयवस्तु रहेका छन् । यी विषयवस्तुबाट कर्तव्यपरायण, नैतिक, अनुशासित, चरित्रवान् र सहयोगी भावनासम्पन्न नागरिकको उत्पादनमा पर्याप्त सहयोग पुग्ने देखिन्छ । मर्यादा, अनुशासन, सद्भावना, सहनशीलता, सच्चरित्रता आदि कुराहरू आजको सामाजिक आवश्यकताका अनिवार्य अङ्ग भएकाले समाज र समयको आवश्यकताको परिपूर्ति गर्ने क्रममा पनि नीतिशास्त्रको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यसैले गुरुकुल शिक्षाको प्रारम्भिक तहदेखि नै नैतिक शिक्षा समावेश गर्ने व्यवस्था गरिएको हो । यसैअनुरूप गुरुकुल शिक्षाअन्तर्गत कक्षा चार र पाँचका लागि नीतिशास्त्रको पाठ्यक्रम पनि निर्माण गरिएको छ ।

२. **साधारण उद्देश्य**

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१ नीतिशास्त्रको सामान्य परिचय बताउन,

२. नीतिपद्य, कथा र गद्यको शुद्धसँग वाचन गर्न,

३. नीत पद्य, गद्य र कथाको अनुवाचन गर्न,

४. नीतिपद्य, गद्य र कथाको श्रुतिलेखन गर्न,

५. नीतिशास्त्रसँग सम्बद्ध विविध शब्दको अर्थबोध गरी शब्दभण्डार बढाउन,

६ संस्कृतमा लेखिएका सरल नैतिक कथाहरू पढी तदनुरूप व्यवहार गर्न,

७. संस्कृतमा लेखिएका सरल पद्यहरू पढी तदनुरूप व्यवहार गर्न,

८ नीतिपद्य र गद्यको अध्ययनबाट जीवनमा सच्चरित्रता, नैतिकता र अनुशासनको महत्त्वबोध गरी व्यवहारमा तदनुरूप आचरण गर्न,

९. नीतिपद्य र गद्यबाट सोधिएका बोधात्मक प्रश्नको उत्तर दिन,

१०. निर्धारित नीतिपद्य र गद्यको अध्ययनबाट नैतिक र सामाजिक मूल्यमान्यता बुझी कर्तव्य पालन गर्न ।

३. **विशिष्ट उद्देश्य (कक्षा ४)**

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ४ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. नैतिक शिक्षाको सामान्य परिचय दिन,

२. नीतिपद्य, कथा र गद्य शुद्धसँग वाचन गर्न र भावार्थ बताउन,

३. नीति पद्य, गद्य र कथा अनुवाचन गर्न,

४. नीति पद्य, गद्य र कथाको श्रुतिलेखन गर्न,

५. नीतिशास्त्रसँग सम्बद्ध विविध शब्दको अर्थबोध गरी शब्दभण्डार बढाउन,

६. नीतिपद्य, गद्य र कथाहरूबाट सोधिएका प्रश्नहरूको बोधात्मक उत्तर दिन,

७. नीतिपद्य, गद्य र कथाहरूबाट सोधिएका अंशहरूलाई नेपालीमा उत्तर दिन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. पठित नीतिपद्य, गद्य र कथाहरूको माध्यमबाट नैतिकता र सच्चरित्रताको महत्त्व बताउन,

९. सरल संस्कृतमा लेखिएका नीतिपद्य, गद्य र कथाहरू शुद्धसँग पढ्न, अर्थ बुझ्न तदनुरूपको व्यवहार गर्न ।

४. विशिष्ट उद्देश्य (कक्षा ५)

गुरुकुल शिक्षाका माध्यमबाट प्राथमिक तह कक्षा ५ पूरा गरेका विद्यार्थीबाट निम्नानुसारका उद्देश्य प्राप्त हुने अपेक्षा राखिएको छ :

१. नैतिक शिक्षाको महत्त्व पहिल्याउन,

२. नीतिपद्य, कथा र गद्य शुद्धसँग वाचन गर्न र अर्थ बताउन,

३. नीतिपद्य, गद्य र कथा अनुवाचन गर्न,

४. नीतिपद्य, गद्य र कथाको श्रुतिलेखन गर्न र सारांश लेख्न,

५. सरल संस्कृतमा लेखिएका नीतिपद्य, गद्य र कथाहरूले निर्देश गरेका नैतिकता र आचरणको अनुसरण गर्न,

६. नीतिपद्य, गद्य र कथाहरूबाट सोधिएका प्रश्नहरूको बोधात्मक उत्तर दिन,

७. नीतिपद्य, गद्य र कथाहरूबाट सोधिएका अंशहरूलाई नेपालीमा उत्तर दिन,

८. पठित नीतिपद्य, गद्य र कथाहरूको माध्यमबाट नैतिकता र सच्चरित्रता, कर्तव्यपरायणता, आदर्श, राष्ट्रभक्तिको महत्त्व बताउन,

९. सरल संस्कृतमा लेखिएका नीतिपद्य, गद्य र कथाहरू शुद्धसँग पढ्न, अर्थ बुझ्न लेख्न र तदनुरूपको व्यवहार गर्न ।

५. पाठ्यवस्तुको क्षेत्र र क्रम (कक्षा- ४)

क्र.सं.	क्षेत्र	शिक्षण विधि	शैक्षिक सामग्री	पा.भा	पूर्णाङ्क
१	नीति कथा (हितोपदेश र पञ्चतन्त्रबाट)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका,चित्र,सन्दर्भ सामग्री, शब्दपत्ती आदि	५५	३०
२	जीवनी (पौराणिक, सामाजिक र साँस्कृतिक)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३५	२०
३.	नीतिपद्य हितोपदेश, पञ्चतन्त्र, महाभारत आदिबाट)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	४०	२०
४.	आचार पद्य हितोपदेश, पञ्चतन्त्र, महाभारत आदिबाट	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३०	१५
५	चरित्र वर्णन महापुरुषको चरित्रगाथा भएका सरल पद्यहरू	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३०	१५
			जम्मा	१९०	१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. पाठ्यवस्तुको क्षेत्र र क्रम (कक्षा- ५)

क्र.सं.	क्षेत्र	शिक्षण विधि	शैक्षिक सामग्री	पा.भा	पूर्णाङ्क
१	नीति कथा (हितोपदेश र पञ्च तन्त्रबाट)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	५५	३०
२	जीवनी (पौराणिक, सामाजिक र साँस्कृतिक)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३५	२०
३.	नीतिपद्य-हितोपदेश, पञ्चतन्त्र, महाभारत आदिबाट)	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका, चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	४०	२०
४.	आचार पद्य हितोपदेश, पञ्चतन्त्र, महाभारत आदिबाट	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३०	१५
५	चरित्र वर्णन महापुरुषको चरित्रगाथा भएका सरल पद्यहरू	आगमन, निगमन, प्रश्नोत्तर, व्याख्यान, छलफल	तालिका चित्र, सन्दर्भ सामग्री, शब्दपत्ती आदि	३०	१५
			जम्मा	१९०	१००

७. शिक्षणसिकाइ क्रियाकलाप

गुरुकुल शिक्षाको आफ्नो मौलिक शिक्षण प्रक्रियाअनुसार यस विषयका विषयवस्तु अनुकूल हुनेगरी विभिन्न शिक्षण विधिका माध्यमबाट यस विषयका उद्देश्य प्राप्त गर्न सकिने छ । तापनि प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरू कलिलो उमेरका हुने भएकाले बालकेन्द्रित शिक्षण विधि अपनाई शिक्षण गर्नु उपयुक्त हुन्छ । विशेषत: "गरेर सिक" (learing by doing) को सिद्धान्तअनुसार हरेक क्रियाकलापमा विद्यार्थीको समूह बनाएर उनीहरूमा सामाजिक अध्ययनसम्बन्धी ज्ञान, सीप र अभिवृत्ति विकास गराउन जरुरी हुन्छ । शिक्षणसिकाइ क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सीप विकास गराउनुपर्दछ । यसका लागि निम्नलिखित बुँदाहरूमा ध्यान दिनु उपयुक्त हुन्छ :

१. शिक्षकले वार्षिक र दैनिक पाठयोजना बनाई शिक्षण कार्यको तयारी गर्नुपर्छ ।

२. कक्षामा लेखन, अभ्यास, प्रश्नोत्तर, छलफल आदि गराउनुपर्दछ ।

३. पाठको प्रकृति हेरी सस्वर या मौनवाचन गर्न लगाउने तथा संस्कृत माध्यमले उत्तर दिने अभ्यास गराउनुपर्दछ ।

४. शिक्षण गर्दा व्याख्यानका साथै आगमन विधि, निगमन विधि, अनुवाद विधि आदि प्रचलित विधिहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य प्राप्ति भए-नभएको कुरा मूल्याङ्कनबाटै थाहा पाइने भएकाले पाठ्यक्रमले तोकेको सम्पूर्ण विषयवस्तुलाई समेटिने गरी प्रश्न पत्र निर्माण गर्नुपर्छ । यसका लागि नमुना प्रश्न पत्रको मार्गनिर्देशनलाई पूर्णत: आधार बनाउनुपर्ने हुन्छ । यो नैतिक शिक्षाको प्रारम्भिक अध्ययन भएकाले मूल्याङ्कनमा प्रायोगिक पक्षलाई बढी जोड दिनुपर्ने छ । अपेक्षित उद्देश्य हासिल नभएसम्म शिक्षणसिकाइ प्रक्रियामा निरन्तरता दिइरहनुपर्दछ । निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको कठिनाइ पत्ता लगाउने र पत्ता लागिसकेपछि सुधारको कोसिस जारी राख्नुपर्दछ । विद्यार्थीका सिकाइ स्तरका बारेमा सबभन्दा बढी शिक्षकलाई जानकारी हुने हुँदा विद्यार्थीको सिकाइ स्तर हेरी निरन्तर रूपमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्नुपर्दछ । विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन उनीहरूले गरेको कक्षाकार्य, धार्मिक अनुष्ठान कार्य, गृहकार्य, कक्षामा सहभागिता, व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी आदिका आधारमा गरेर अभिलेख समेत राख्नुपर्दछ । विद्यार्थीहरूको आवधिक रूपमा उपलब्धि परीक्षासमेत लिई दुवै प्रकारको मूल्याङ्कनको प्रतिवेदन तयार गरेर विद्यार्थीलाई जानकारी गराउनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुसूचीहरू

अनुसूची - १

निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा : ....   विषय : ....

शैक्षिक सत्र ....

क्र. सं.	विद्यार्थीको नाम	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ ....

कक्षा शिक्षक : ....   रुजु गर्ने : ....

प्र.अ.को दस्तखत : ....

द्रष्टव्य : यस सिकाइ अभिलेखका आधारमा विद्यार्थीको सिकाइउपलब्धिका बारेमा उनीहरूका अभिभावकलाई समयसमयमा जानकारी गराउनुपर्नेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्यार्थी प्रगति विवरण (कक्षा १-५)

शैक्षिक सत्र ....

विद्यालयको नाम : श्री ....

विद्यार्थीको नाम : .... कक्षा : ....

रो.नं. ....

विषय	निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क,ख,ग)			आवधिक उपलब्धिस्तर लिखित तथा मौखिक परीक्षाको आधारमा अङ्क दिने। तर सामान्यतया कक्षा १-३ का लागि यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागि मात्र हुनेछ भने कक्षा ४-५ का लागि ५० प्रतिशत लिखित परीक्षा अनिवार्य हुने छ।						जम्मा
	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	वार्षिक	प्रथम त्रैमासिक मूल्याङ्कन		दोस्रो त्रैमासिक मूल्याङ्कन		वार्षिक मूल्याङ्कन		
				पूर्णाङ्क १०%	प्राप्ताङ्क	पूर्णाङ्क ३०%	प्राप्ताङ्क	पूर्णाङ्क ६०%	प्राप्ताङ्क	
नेपाली										
अङ्ग्रेजी										
गणित										
सामाजिक अध्ययन										
सिर्जनात्मक कला										
सं. व्याकरण										
सदाचार शिक्षा										
वेद वा नीतिशास्त्र										
जम्मा										

कक्षा शिक्षक : .... रुजु गर्ने : .... प्र.अ. को दस्तखत ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उद्देश्य पठनपाठनसँगै विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरूको प्रगति अभिलेख राख्नुपर्नेछ :

१. पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधरमा एकदेखि तीनओटासम्म रेजा (√) चिह्न लगाउने ।

२. अति उत्तम सिकेकालाई तीनओटा रेजा (√ √ √), उत्तम सिकेकालाई दुईओटा रेजा (√ √) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिने ।

३. प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डलाई आधार मान्ने :

क्र.सं.	मापदण्ड	अति उत्तम	उत्तम	सामान्य
१.	कक्षा कार्य (कक्षा सहभागिता)	√√√	√√	√
२.	परियोजना कार्य	√√√	√√	√
३.	व्यवहार परिवर्तन	√√√	√√	√
४.	सिर्जनात्मक कार्य	√√√	√√	√
५.	हाजिरी	√√√	√√	√

४. पाठगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने :

- ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - क श्रेणी
- ४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म - ख श्रेणी
- ४० प्रतिशतभन्दा तल - ग श्रेणी

५. पाठगत रेजाहरूको प्रतिशत निकाल्ने तरिका :

$$\text{सूत्र : रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा} \times १००}{\text{जम्मा पढाइ भएका पाठ सङ्ख्या} \times १००}$$

उदाहरण : (क) कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका पाठ सङ्ख्या = ६
कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा सङ्ख्या = १५
सूत्रअनुसार हिसाब गर्दा रेजा प्रतिशत $\frac{१५}{६\times३}\times १००$

उक्त विद्यार्थीको रेजा प्रतिशत ८३.३
त्यसकारण उक्त विद्यार्थीको श्रेणी क भयो ।

द्रष्टव्य माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. पाठगतरूपमा सिकेका कुरा मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरू पू[र्ण] भएनभएको हेर्नुपर्नेछ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २) मा पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कनव[ाट] रेजालाई बुँदा नं. ४ अनुसार क, ख, ग श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसा[थ] राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ देखि ३ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैँले तयार गर्नुपर्नेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection